माध्यमिक शिक्षक तालिम पाठ्यक्रम

(१० महिने)

# नेपाली भाषा शिक्षण

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शैक्षिक जनशक्ति बिकास केन्द्र
सानोठिमी, भक्तपुर

२०६१

G 731

# माध्यमिक शिक्षक तालिम पाठ्यक्रम

## ( १० महिने )

### सेवाकालीन

# नेपाली भाषाशिक्षण

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**शैक्षिक जनशक्ति विकास केन्द्र**
सानोठिमी, भक्तपुर
२०६१

# भूमिका

शिक्षाको गुणस्तर सुधारका लागि शिक्षकलाई प्रमुख तत्त्वको रूपमा लिइन्छ । शिक्षकले नै पाठ्यक्रमको माध्यमबाट बालबालिकाको भविष्य निर्माणमा सहयोग पुऱ्याउँछन् । शिक्षक उत्साहजनक सिकाइ वातावरण सिर्जना गरी ज्ञान, सीप र अभिवृत्तिको स्थानान्तरण गर्न सक्षम तथा पेसागत रूपमा दक्ष हुनु जरुरी हुन्छ । यसखालका सक्षमता अभिवृद्धिका लागि पेसागत तालिम, निरन्तर सहयोग र शिक्षण पेसाप्रति सकारात्मक धारणाको आवश्यकता पर्दछ । शिक्षकको पेसागत विकासका लागि सक्षमतामा आधारित शिक्षक तालिम पनि एउटा माध्यम हो ।

हाल ५० प्रतिशतभन्दा बढी माध्यमिक तथा निम्नमाध्यमिक शिक्षकहरू तालिम अप्राप्त छन् भन्ने कुरा तथ्याङ्कले देखाउँछ । तालिमविना प्रभावकारी शिक्षण-सिकाइ हुन सक्दैन । विभिन्न अध्ययनहरूले पनि माध्यमिक शिक्षाको गुणस्तर कम हुनुको कारणहरूमध्ये शिक्षकहरूको पेसागत दक्षताको कमी पनि एक प्रमुख कारण हो भन्ने कुरा देखाएका छन् ।

दस महिने प्रमाणीकरण तालिम शिक्षकहरूका लागि अनिवार्य गरिएको छ । कार्यरत शिक्षकहरू यसखालको तालिम कार्यक्रमको अभावमा आफ्नो पेसागत दक्षता अभिवृद्धिबाट वञ्चित छन् । तालिम अप्राप्त शिक्षकहरूलाई यथासम्भव छिटो तालिम प्रदान गर्नका लागि प्रमाणीकरण तामिल कार्यक्रमहरू सञ्चालन हुँदै छन् । प्रभावकारी कक्षाकोठा शिक्षण-सिकाइ गरी माध्यमिक शिक्षाको गुणात्मक परिवर्तनका लागि यो सक्षमतामा आधारित प्रमाणीकरण शिक्षक तालिम पाठ्यक्रम तयार गरिएको छ ।

तालिमको आवश्यकता पहिचान (TNA) गरी सक्षमतामा आधारित शिक्षक तालिम पाठ्यक्रम निर्माणमा सहयोग पुऱ्याएकोमा म शैक्षिक क्षेत्र सल्लाह समूह (ESAT/DANIDA) लाई धन्यवाद दिन चाहन्छु । साथै पाठ्यक्रम विकासमा सहयोग पुऱ्याउनुहुने विशेषज्ञहरू, विषय समितिका सदस्यहरू तथा शैक्षिक जनशक्ति विकास केन्द्रका कर्मचारीहरू सबै धन्यवादका पात्र हुनुहुन्छ ।

साथै यसमा देखिएका त्रुटि तथा कमजोरीहरू सच्याई सुधार गर्न सबैसँग रचनात्मक पृष्ठपोषण एवम् सुझावहरूको समेत अपेक्षा गर्दछु ।

अर्जुनबहादुर भण्डारी

कार्यकारी निर्देशक

शैक्षिक जनशक्ति विकास केन्द्र

सानोठिमी, भक्तपुर

२०६१

# विषय-सूची

| क्र. सं. | विषयवस्तु | पेज सङ्ख्या |
|---|---|---|
| १ | पाठ्यक्रम परिचय | १ |
| २ | पाठ्यक्रमका विशेषताहरू | १ |
| ३ | पाठ्यक्रमको स्वरूप | १ |
| ४ | विद्यालयमा आधारित तालिमअन्तर्गतका क्रियाकलापहरू | २ |
| ५ | मूल्याङ्कन | ४ |
| ६ | मोडुल १ : तालिमकेन्द्र आधारित र विद्यालयमा आधारित ( विषयगत ) | ६ |
| ७ | मोडुल २ : दूर सिकाइमा आधारित | ३५ |
| | भाग १ : विषयगत | ३५ |
| | भाग २ : पेसागत विकास | ४९ |
| ८ | मोडुल ३ : तालिमकेन्द्र आधारित र विद्यालयमा आधारित ( पेसागत विकास ) | ६३ |

# माध्यमिक शिक्षक तालिम पाठ्यक्रम
## ( नेपाली भाषाशिक्षण )

**परिचय**

प्रस्तुत पाठ्यक्रम सक्षमतामा आधारित पाठ्यक्रम हो । यस पाठ्यक्रमले माध्यमिक तहका शिक्षकको सक्षमता अभिवृद्धिका लागि विषयवस्तुको अतिरिक्त ज्ञान, प्रयोगात्मक सीपहरू तथा शिक्षकको अभिवृत्तिमा परिवर्तन ल्याउने किसिमका तीनओटा उद्देश्यहरू राखेको छ । यस तालिम पाठ्यक्रमका सक्षमताहरू तालिम आवश्यकताको मूल्याङ्कन [Training Need Assessment (TNA)] का आधारमा पहिचान गरिएका छन् र त्यही आधारमा यसको निर्माण पनि गरिएको छ । यसका जम्मा तीन मोडुलहरू रहेका छन् । प्रथम र तेस्रो मोडुलका पनि दुई भाग रहेका छन् - तालिमकेन्द्र आधारित [ प्रत्यक्ष सहभागितामूलक (Face to Face)] र विद्यालयमा आधारित । तालिमकेन्द्र आधारित तालिमको समापनपछि विद्यालयमा आधारित तालिम सञ्चालन हुनेछ । दोस्रो मोडुल दूर शिक्षण-सिकाइमा आधारित हुनेछ । प्रस्तुत पाठ्यक्रम माध्यमिक तहका नेपाली विषयका शिक्षकहरूका आवश्यकतालाई सम्बोधन गर्ने किसिमले तयार पारिएको छ ।

**पाठ्यक्रमका विशेषताहरू**

यस पाठ्यक्रम परम्पराभन्दा भिन्न विशिष्ट पद्धतिका आधारमा तयार पारिएको छ । यही कारण यसको स्वरूप मौलिक बन्न पुगेकोछ । ती विशिष्टताहरू यसप्रकार रहेका छन् ।

- पाठ्यक्रमका विषयवस्तुहरू सक्षमतामा आधारित छन् ।
- तालिमकेन्द्र आधारित तालिममा विषयवस्तुको ज्ञान र शिक्षण सीपलाई मिश्रण गरी शिक्षणोपयोगी र प्रयोगमुखी बनाइएको छ ।
- दूरसिकाइमार्फत् विषयवस्तुको ज्ञान अभिवृद्धिमा जोड दिइएकोछ ।
- विद्यालयमा आधारित तालिममार्फत् शिक्षण सीपको उपयोग र अभ्यासमा जोड दिइएकोछ ।
- कार्यमूलक (कार्यगत) अनुसन्धान, घटना-अध्ययन तथा परियोजना कार्यमा जोड दिइएकोछ
- अनुभवहरूको आदान-प्रदान र प्रतिविम्वन (reflection) सत्रहरूको व्यवस्थापनमा जोड दिइएकोछ ।
- पेसागत विकास पाठ्यक्रममार्फत् सामाजिकीकरणमा जोड दिइएकोछ ।
- समाहितीकरण (Inslusiveness) को विकासमा पाठ्यक्रम केन्द्रित गरिएकोछ ।
- तालिममा सहभागी शिक्षकहरूको निवेश-सूची मूल्याङ्कन (Port Folio Assessment) द्वारा मूल्याङ्कन गर्ने प्रणालीको विकास गरिएकोछ ।

**पाठ्यक्रमको स्वरूप**

प्रत्येक तह र विषयको पाठ्यभार निम्नानुसार रहेको छ ।

| मोडुल १ | | मोडुल २ | मोडुल ३ | | जम्मा पाठ्यभार |
|---|---|---|---|---|---|
| तालिमकेन्द्र-आधारित | विद्यालयमा आधारित | दूरसिकाइ | तालिमकेन्द्र-आधारित | विद्यालयमा आधारित | |
| १३२ घण्टा ( १ महिना ) | १९८ घण्टा ( १.५ महिना ) | ६६०घण्टा ( ५ महिना ) | १३२ घण्टा ( १ महिना ) | १९८ घण्टा ( १.५ महिना ) | १३२० घण्टा ( १० महिना ) |

## विद्यालयमा आधारित तालिमअन्तर्गतका क्रियाकलापहरू

*विद्यालयमा आधारित तालिमअन्तर्गतका क्रियाकलापहरू यस प्रकार छन् ।*

- कार्यमूलक अनुसन्धान (Action Research)
- घटना-अध्ययन (Case Study)
- परियोजना कार्य/क्षेत्रभ्रमण
- कक्षाअवलोकन
- कक्षाशिक्षण
- शैक्षिक सामग्री सङ्कलन, निर्माण र प्रयोग
- विद्यार्थीको कार्य-प्रदर्शन
- प्रश्नपत्र निर्माण, प्रयोग, विश्लेषण र प्रतिवेदन तयारी
- अतिरिक्त क्रियाकलाप
- दैनिक टिप्पणी (Daily Journal)
- विद्यालयको भौतिक सुधारसम्बन्धी क्रियाकलापहरू
- अभिभावक, समुदायका सदस्यहरूसँग भेटघाट/बैठक/ छलफल
- शिक्षक, कर्मचारी र प्र. अ. सँगको छलफल/अनुभवको आदान-प्रदान

*विद्यालयमा आधारित तालिम सञ्चालनको क्रममा ३ ओटा कार्यशालामा सहभागीहरू भाग लिनेछन् ।*

१ पहिलो कार्यशाला
- कार्यक्रमको अभिमुखीकरण
- कार्ययोजना निर्माण ( गर्नुपर्ने क्रियाकलापहरूको )

२ दोस्रो कार्यशाला
- योजनाको पुनरावलोकन/समीक्षा
- सहजकर्ता/सहयोगीद्वारा प्रशिक्षार्थीहरूलाई आवश्यकतानुसारको सहयोग
- अनुभवको आदान-प्रदान

३ तेस्रो कार्यशाला
- तयारी गरिएको कार्य, सामग्री, प्रतिवेदनको प्रदर्शन र प्रस्तुतीकरण
- अनुभवको आदान-प्रदान/स्वमूल्याङ्कन
- बाह्य निरीक्षक/सहयोगी व्यक्ति/सहजकर्ताबाट प्रत्येक क्रियाकलाप/कामको अन्तिम मूल्याङ्कन

***नोट १ :*** *प्रत्येक सहभागीका प्रतिवेदनहरू तालिम केन्द्र/सेडुमा जम्मा गरिनेछ । केन्द्रीय तहमा प्रतिवेदन सङ्कलन प्रणाली स्थापना गरी उत्कृष्ट प्रतिवेदन र नवीन विचार (Innovative idea) हरू विभिन्न तहमा आदान-प्रदान गर्ने व्यवस्था हुनेछ ।*

***नोट २ :*** *कार्यशाला सञ्चालनका लागि बाह्य विशेषज्ञ ( प्रशिक्षकहरू मध्येबाट ) को व्यवस्था हुनेछ भने सम्बन्धित विद्यालयका प्र. अ. अथवा वरिष्ठ शिक्षकहरूलाई आन्तरिक सहयोगी/सहजकर्ताको जिम्मेवारी दिइनेछ ।*

***नोट ३ :*** *क्रियाकलापहरू विस्तृत रूपमा निर्देशिकामा प्रस्तुत गरिनेछ ।*

*दूरसिकाइ तालिमका क्रियाकलापहरू यसप्रकार छन् ।*

१ दैनिक टिप्पणी (Daily Journal) को अभिलेखीकरण

२ परियोजना कार्य

३ घटना-अध्ययन

४ कार्यमूलक अनुसन्धान

५ नोट-तयारी

६ शिक्षण-सामग्री तयारी

७ कार्यशाला ( ३ ओटा )

- पहिलो कार्यशाला
    - अभिमुखीकरण
    - दूरसिकाइ क्रियाकलापको योजना
    - तालिम पूर्व-परीक्षा (Pre-test)
    - प्रदर्शन कक्षा/कक्षा अवलोकन
- दोस्रो कार्यशाला
    - योजनाको पुनरावलोकन
    - शिक्षक सहयोग ( प्रशिक्षार्थीहरूको समस्या/प्रश्नहरूको सहयोगी/सहजकर्ता विशेषज्ञद्वारा समाधान )
    - तालिम मध्यावधि परीक्षा (Mid-term test)
    - प्रदर्शन कक्षा /कक्षा अवलोकन
- तेस्रो कार्यशाला
    - प्रस्तुतीकरण
    - अन्तिम मूल्याङ्कन ( सम्पूर्ण क्रियाकलापहरूको )
    - तालिमपश्चात्को परीक्षा (Post test)

***नोट १ :*** *प्रत्येक सहभागीका प्रतिवेदनहरू तालिम केन्द्र/सेडुमा जम्मा गरिनेछ । केन्द्रीय तहमा प्रतिवेदन सङ्कलन प्रणाली स्थापना गरी उत्कृष्ट प्रतिवेदन र नवीन विचार (Innovative idea) हरू विभिन्न तहमा आदान-प्रदान गर्ने व्यवस्था हुनेछ ।*

***नोट २ :*** *कार्यशाला सञ्चालनका लागि बाह्य विशेषज्ञ ( प्रशिक्षकहरू मध्येबाट ) को व्यवस्था हुनेछ भने सम्बन्धित विद्यालयका प्र. अ. अथवा वरिष्ठ शिक्षकहरूलाई आन्तरिक सहयोगी/सहजकर्ताको जिम्मेवारी दिइनेछ ।*

***नोट ३ :*** *क्रियाकलापहरू विस्तृत रूपमा निर्देशिकामा उल्लेख गरिनेछ ।*

**मूल्याङ्कन**

सक्षमतामा आधारित १० महिने तालिमको मूल्याङ्कन आधार यसप्रकार छ ।

| मोड्युल | तालिम | पूर्णाङ्क | | उत्तीर्णाङ्क | |
|---|---|---|---|---|---|
| | | बाह्य | आन्तरिक | बाह्य | आन्तरिक |
| मोड्युल १ | १ तालिमकेन्द्र आधारित | ५० | ५० | ३० | ३० |
| | २ विद्यालयमा आधारित | | १०० | | ६० |
| मोड्युल २ | दूरसिकाइ | ५० | ५० | ३० | ३० |
| मोड्युल ३ | १ तालिमकेन्द्र आधारित | ५० | ५० | ३० | ३० |
| | २ विद्यालयमा आधारित | | १०० | | ६० |
| | जम्मा | १५० | ३५० | | |
| | | ५०० | | | |

**नोट**

तृतीय श्रेणी :- ६० % देखि ६९ % सम्म
द्वितीय श्रेणी :- ७० % देखि ७९% सम्म
प्रथम श्रेणी :- ८० % देखि ८९% सम्म
विशिष्ट श्रेणी :- ९० % वा सो भन्दा माथि

तालिमकेन्द्र आधारित तालिमको आन्तरिक मूल्याङ्कन आधार यसप्रकार छ ।

| क्रियाकलाप | अङ्क |
|---|---|
| १ सहभागिता | ५ |
| २ आन्तरिक परीक्षा | २० |
| ३ परियोजना कार्य/तोकिएको कार्य | १० |
| ४ प्रदर्शन | ५ |
| ५ सक्षमता मापन आधार (CAS*) | १० |
| जम्मा | ५० |

* *नोटः सक्षमता मापन आधार (competencies assessment scale)*

*१. धेरै राम्रो*
*२. राम्रो*
*३. ठीकै*
*४. पर्याप्त सुधार गर्नु पर्ने.*

विद्यालयमा आधारित तालिमको मूल्याङ्कन आधार यसप्रकार छ ।

| | क्रियाकलाप | अङ्क |
|---|---|---|
| १ | कार्यशाला ( ३ पटक, योजना, सहभागिता, प्रदर्शन, प्रस्तुतीकरण ) | १५ |
| २ | कक्षाशिक्षण ( पाठयोजनासहित ) | २० |
| ३ | कार्यमूलक अनुसन्धान | ५ |
| ४ | घटना-अध्ययन | ५ |
| ५ | परियोजना कार्य/क्षेत्रभ्रमण | ५ |
| ६ | शैक्षिक सामग्री सङ्कलन, तयारी र प्रयोग | १० |
| ७ | दैनिक टिप्पणी | ५ |
| ८ | कक्षाअवलोकन (सहपाठी) | ५ |
| ९ | प्रश्नपत्रनिर्माण, प्रयोग, विश्लेषण र प्रतिवेदन तयारी | ५ |
| १० | अतिरिक्त क्रियाकलाप | ५ |
| ११ | विद्यालयको भौतिक सुधारसम्बन्धी क्रियाकलाप | ५ |
| १२ | अभिभावक, समुदायका सदस्यहरूसँग भेटघाट/बैठक/छलफल | ५ |
| १३ | विद्यार्थीको कार्य-प्रदर्शन | ५ |
| १४ | शिक्षक, कर्मचारी र प्र. अ. सँगको छलफल | ५ |
| | जम्मा | १०० |

*नोट १ : क्रियाकलाप ११ र १२ मोडुल ३ मा मात्र समावेश हुनेछ ।*

*नोट २ : मोडुल १ का लागि क्रियाकलाप ६ र ९ का अङ्कहरू क्रमश: १५ र १० हुनेछ ।*

दूर-सिकाइ तालिमको आन्तरिक मूल्याङ्कन आधार यसप्रकार छ ।

| | क्रियाकलाप | अङ्क |
|---|---|---|
| १ | कार्यशाला | १० |
| २ | दैनिक टिप्पणी | ५ |
| ३ | घटना-अध्ययन | ५ |
| ४ | कार्यमूलक अनुसन्धान | ५ |
| ५ | नोट तयारी | ५ |
| ६ | तालिमको मध्यावधि परीक्षा, तालिमपश्चात्‌को परीक्षा | १० |
| ७ | शैक्षिक सामग्री तयारी | ५ |
| ८ | परियोजना कार्य | ५ |
| | जम्मा | ५० |

*नोट : तालिमकेन्द्र आधारित, विद्यालय आधारित तालिम र दूरसिकाइ तालिमको आन्तरिक मूल्याङ्कनसँग सम्बन्धित क्रियाकलापहरू निर्देशिकामा विस्तृत रूपमा उल्लेख गरिनेछ ।*

## मोडुल – १ : तालिमकेन्द्र आधारित र विद्यालयमा आधारित ( विषयगत )

### पाठ्यक्रम परिचय

नेपाली भाषाशिक्षणको प्रस्तुत पाठ्यक्रम माध्यमिक तहका नेपाली भाषाशिक्षकहरूको सक्षमतामा आधारित छ । यसअन्तर्गत नेपाली भाषाशिक्षणका ज्ञान, सीप र अभिवृत्तिसँग सम्बद्ध भाषाका सीपहरूको शिक्षण, भाषिक सीपको विकासका लागि साहित्यका विधाहरूको प्रयोग र व्याकरणशिक्षण, शिक्षण सामग्रीहरूको तयारी र प्रयोग, बहुभाषिक कक्षामा नेपाली भाषाशिक्षण, शिक्षण योजना, मूल्याङ्कन विधि जस्ता पक्षहरूसँग सम्बद्ध सक्षमताहरू राखिएका छन् र विषयवस्तु, शिक्षणविधि, शिक्षणसामग्री र मूल्याङ्कन-प्रक्रियालाई पनि पाठ्यक्रमको उपयुक्त ढाँचामा संयोजन गरिएको छ ।

### उद्देश्य

यस पाठ्यांशको समापनपछि प्रशिक्षार्थीहरू निम्न कुरामा सक्षम हुनेछन् :

१ भाषाशिक्षणका प्रचलित विधि तथा तरिकाहरू अपनाई नेपाली भाषाका सीप तथा पक्षहरूको शिक्षण गर्न ।

२ पाठ्यपुस्तकमा समावेश गरिएका विभिन्न विधाहरूलाई भाषाका सीप तथा पक्षहरूसँग सम्बद्ध गरी भाषाशिक्षण गर्न ।

३ उपयुक्त विधिको पहिचान गरी व्याकरण शिक्षण गर्न ।

४ कक्षाकोठाको स्थिति र अवस्थाअनुरूप शिक्षणको योजना बनाई लागू गर्न ।

५ शिक्षणसिकाइमा सुधार ल्याउन भाषाशिक्षणका विभिन्न पद्धतिहरूको प्रयोग गर्न ।

६ शिक्षण सामग्रीहरूको निर्माण गरी तालिम अवधिमा तथा कक्षाशिक्षणमा तिनको उपयुक्त प्रयोग गर्न ।

७ पेसागत विकासका आवश्यक पक्षहरू पहिचान गरी कक्षाकोठाको अवस्थाअनुसार तिनको प्रयोग गर्न

८ शिक्षक-शिक्षकबीच अनुभव आदान-प्रदान गर्ने र सहयोग गर्ने प्रवृत्तिको विकास गर्न ।

९ कक्षाकोठाका शिक्षणसमस्यामा आधारित भई स-साना कार्यमूलक अनुसन्धानहरू सम्पन्न गर्न ।

१० प्रथम भाषा र दोस्रो भाषाको भिन्नता छुट्याई तहअनुरूप भाषाशिक्षण गर्न ।

### पाठ्यांश हस्तान्तरण विधि

नेपाली भाषाको प्रस्तुत पाठ्यांशको हस्तान्तरणमा प्रशिक्षकले निम्न क्रियाकलाप गर्नेछन् :

१ शिक्षकका व्यक्तिगत विचारहरूको सम्मान गरी त्यस्ता विचारहरूको प्रस्फुटनका लागि प्रोत्साहित गर्ने ।

२ शिक्षकद्वारा प्रस्तुत व्यक्तिगत विचारहरूलाई छलफलमा लगी समाधान पत्ता लगाउन प्रयत्नशील रहने ।

३ अवधारणाहरूको बोधका लागि सैद्धान्तिक आधार प्रस्तुत गर्ने र शिक्षकद्वारा प्रस्तुत अवधारणालाई सैद्धान्तिक स्वरूप प्रदान गर्ने ।

४ भाषाका सीपहरूको शिक्षणका लागि शिक्षकका तर्फबाट आउने विचारका लागि प्रोत्साहित गर्ने र सिकाइ क्रियाकलापलाई अनुभवमा आधारित बनाउन सहयोग गर्ने ।

५ वास्तविक शिक्षणमा आधारित भई कक्षा-प्रदर्शन गर्ने र उदाहरण दिने ।

६ शिक्षणमा आवश्यक पर्ने छलफल, समूह-कार्य आदिका लागि उपयुक्त वातावरण निर्माण गर्ने त्यस्ता कार्यको प्रस्तुतीकरणगर्न प्रोत्साहित गर्ने ।

७ नेपाली भाषाशिक्षणका लागि सकारात्मक अभिवृत्ति निर्माण गर्न सहयोग गर्ने र त्यसबाट पेसागत सक्षमता अभिवृद्धि गर्ने आधार तयार पार्ने ।

८ उपयुक्त सामग्री र विधिका आधारमा शिक्षकका पृष्ठभूमि र विविध क्षमता प्रस्तुतिका लागि तालिमलाई रुचिपूर्ण बनाउने ।

९ भाषाशिक्षणमा शिक्षकका अनुभवहरूलाई प्राथमिकता दिने र त्यस्ता अनुभवको आदान-प्रदानका आधारमा निष्कर्ष निकाल्न प्रेरित गर्ने ।

१० पेसागत विकास तथा भाषाशिक्षणका बारेमा सकारात्मक दृष्टिकोण निर्माणमा सहयोग र प्रोत्साहन हुने गरी प्रस्तुत हुने ।

**अपेक्षित सक्षमता १ : भाषिक सीपशिक्षण (एक महिनाका लागि ८ घण्टा )**

| शिक्षकको विकासका लागि अपेक्षित सक्षमताहरू | तालिमकेन्द्र आधारित तालिमको सक्षमता मापन आधार | विद्यालयमा आधारित तालिमको सक्षमता मापन आधार |
|---|---|---|
| **सक्षमता १**<br>क) शिक्षकले भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपहरूका बीचको अन्तर्सम्बन्ध पहिल्याई कक्षाकोठामा तिनको अभ्यास गर्ने तरिकाको वर्णन गर्नेछन् ।<br>ख) शिक्षकले सुनाइशिक्षणका समस्याहरू पहिचान गर्नेछन् ।<br>ग) शिक्षकले सुनाइसीपशिक्षणको आवश्यक तयारी गरी सुनाइसीपको विकासका लागि कक्षाकोठामा विभिन्न क्रियाकलापहरूको प्रयोग गर्नेछन् ।<br>**विषयवस्तु**<br>भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपका बीचको अन्तर्सम्बन्ध तथा तिनको अभ्यास<br>*सुनाइशिक्षणका समस्याहरू*<br>• वक्ताको बोलाइको गति<br>• विषयवस्तु र शब्दभण्डारगत सीमा<br>• भाषिक क्षमता<br>• वातावरणगत भिन्नता<br>• औपचारिक/अनौपचारिक भाषा<br>*सुनाइशिक्षणको तयारी*<br>• सुनाइको उद्देश्य निर्धारण | प्रत्येक शिक्षकको सुनाइ-शिक्षणका समस्याहरूको सूची तयार पार्नेछन् ।<br>सुनाइशिक्षणमा देखिएका समस्याहरू समाधान गर्न उद्देश्यमूलक सुनाइशिक्षणका लागि आवश्यक बुँदा तयार पार्नेछन् ।<br>प्रत्येक शिक्षकले सुनाइशिक्षण तयारीका लागि योजना तयार पार्नेछन् ।<br>तयार पारिएको योजनाका आधारमा विभिन्न क्रियाकलापको प्रयोग गरी देखाउनेछन् । | कक्षामा सुनाइशिक्षण र सुनाइमा देखिएका समस्याहरू पत्ता लगाउनेछन् ।<br>देखिएका समस्याको निराकरणका लागि शिक्षण तयारी योजनासहित विभिन्न क्रियाकलापहरूको उपयोग गर्नेछन् ।<br>सुनाइसम्बन्धी समस्यामूलक प्रश्न तथा अभ्यास दिई सुनाइका समस्याहरूको समाधान गर्नेछन् ।<br>विद्यार्थीमा देखा पर्ने सुनाइ समस्या र सुनाइशिक्षणका |

| | | |
|---|---|---|
| • सुनाइ-योजना र तयारी<br>• सुनाइयोजना र तयारीका चरणहरू<br>▪ शिक्षण गर्नुअघि<br>▪ शिक्षणका क्रममा<br>▪ शिक्षण गरिसकेपछि<br>*सुनाइशिक्षणका क्रियाकलापहरू*<br>• वर्णविभेदीकरण<br>• वाक्यविभेदीकरण<br>• श्रुतिबोध<br>• श्रुतिलेखन<br>• श्रुतिरचना<br>• बुँदाटिपोट<br>• समस्या - समाधान<br>*सुनाइशिक्षणका क्रियाकलापहरूको कक्षामा प्रयोग*<br>• सुनाइपूर्वका अवस्थाहरू<br>▪ सुनाइसामग्रीको चयन<br>▪ प्रश्ननिर्माण<br>▪ सुनाइवातावरणको निर्माण<br>▪ सुनाइसम्बन्धी कक्षा-निर्देशन<br>• सुनाइका क्रमका अवस्थाहरू<br>▪ सुनाइसामग्रीको प्रस्तुति<br>▪ सुनाइको अवलोकन<br>• सुनाइपश्चात्का अवस्थाहरू<br>▪ सुनाइमूल्याङ्कन<br>▪ समस्या - पहिचान<br>▪ पृष्ठपोषण<br>**शिक्षण–विधि**<br>• सुनाइका समस्या र त्यसको समाधानमा शिक्षकको भूमिकाका बारेमा समूह-छलफल<br>• सुनाइशिक्षण क्रियाकलापका लागि समूह-कार्य र प्रस्तुतीकरण<br>• सुनाइशिक्षणक्रियाकलापको प्रयोगका सन्दर्भमा सूक्ष्मशिक्षण<br>• सुनाइ र श्रुतिबोधसम्बन्धी प्रश्नोत्तर<br>• भूमिकानिर्वाह, अभिनय, मस्तिष्क-मन्थन, ठट्टा - रमाइलो<br>**शिक्षण–सामग्री**<br>• सुनाइशिक्षणका समस्याहरूको सूची<br>• सुनाइका लागि आवश्यक पाठहरू ( कथा, | क्रियाकलापहरूको उपयुक्त प्रयोगका बारेमा समूहमा छलफल गरी अन्तिम निष्कर्ष तयार पार्नेछन् । | समस्या पहिचान गरिसकेपछि छोटो प्रतिवेदन तयार पार्नेछन् । |

| | | |
|---|---|---|
| संवाद, कविता, समस्या आदि )<br>• क्यासेट, टेप रेकर्डर, भिडियो, सिडी, टेलिभिजन आदि ।<br>**मूल्याङ्कन-प्रक्रिया**<br>• व्यक्तिगत अवलोकन<br>• व्यक्तिगत र समूह-कार्यमा सहभागिता<br>• क्रियाकलापहरूको प्रयोग क्षमताको प्रदर्शन<br>• सूक्ष्मशिक्षण कौशल | | |

**अपेक्षित सक्षमता २ : बोलाइशिक्षण (एक महिनाका लागि ८ घण्टा )**

| शिक्षकको विकासका लागि अपेक्षित सक्षमताहरू | तालिमकेन्द्र आधारित तालिमको सक्षमता मापन आधार | विद्यालयमा आधारित तालिमको सक्षमता मापन आधार |
|---|---|---|
| **सक्षमता २**<br>क) शिक्षकले मौखिक अभिव्यक्तिका रूपमा बोलाइशिक्षणको परिचय दिई बोलाइशिक्षणमा प्रभाव पार्ने तत्त्वहरूका बारेमा वर्णन गर्नेछन् ।<br>ख) शिक्षकले बोलाइ सीपका विभिन्न क्रियाकलापहरूको वर्णन र प्रदर्शन गर्नेछन् ।<br>ग) शिक्षकले बोलाइ शिक्षण क्रियाकलापलाई प्रयोग गर्ने तीन अवस्था(बोलाइपूर्व,बोलाइको चरण र बोलाइपश्चात्) हरूका आधारमा शिक्षण गर्नेछन् ।<br>**विषयवस्तु**<br>*बोलाइशिक्षण*<br>• मौखिक अभिव्यक्तिका रूपमा बोलाइशिक्षण<br>• बोलाइको विकासमा प्रभाव पार्ने तत्त्वहरू<br>■ वातावरण<br>■ संवेग<br>■ शारीरिक अवस्था<br>■ वेवास्ता<br>■ भाषिक अनुभवको भिन्नता<br>*बोलाइशिक्षणका क्रियाकलापहरू*<br>• कुराकानी र संवाद<br>• प्रश्नोत्तर<br>• वस्तु तथा चित्रवर्णन | प्रत्येक शिक्षकले बोलाइशिक्षणमा प्रभाव पार्ने तत्त्वहरूको सूची निर्माण गर्नेछन् ।<br>बोलाइ सीपशिक्षण क्रियाकलापको विस्तृत सूची निर्माण गरी त्यसको प्रदर्शनको तयारी गर्नेछन् ।<br>बोलाइ सीपशिक्षणका विभिन्न क्रियाकलापहरू समूहमा बाँडी प्रदर्शन गर्नेछन् ।<br>बोलाइ सीपशिक्षणका समस्याका बारेमा छलफल गरी निष्कर्ष तयार पार्नेछन् । | कक्षाशिक्षणमा बोलाइमा प्रभाव पार्ने तत्त्वका आधारमा विद्यार्थीको बोलाइ क्षमता पत्ता लगाउनेछन् ।<br>बोलाइका विविध क्रियाकलापहरूको प्रयोग गरी विद्यार्थीको बोलाइ सीपको विकास गर्नेछन् ।<br>सूचीबद्ध समस्याहरूका आधारमा सङ्क्षिप्त प्रतिवेदन तयार पार्नेछन् । |

- कथाकथन
- घटनावर्णन
- मौखिक प्रतिवेदन
- वादविवाद
- छलफल
- वक्तृता
- समस्या-समाधान
- भूमिकाअभिनय

*बोलाइशिक्षण क्रियाकलापहरूको कक्षाकोठामा प्रयोग*

- बोलाइपूर्वका अवस्थाहरू
  - बोलाइका लागि विषयवस्तुको चयन
  - विषयवस्तुको उद्देश्य निर्धारण
  - विद्यार्थीको रुचिअनुरूपको विषयवस्तुको निर्धारणका लागि शिक्षक-विद्यार्थी छलफल
  - बोलाइका लागि उपयुक्त वातावरणको निर्माण
- बोलाइका चरणको अवस्था
  - बोलाइमा विद्यार्थीको सहभागिता निर्धारण
  - बोलाइका चरणमा शिक्षकको अवलोकन र सहयोग
- बोलाइपश्चात्को अवस्था
  - मूल्याङ्कन, टिप्पणी र पृष्ठपोषण

**शिक्षण-विधि**

- मौखिक अभिव्यक्तिका रूपमा बोलाइ र यसका क्रियाकलापका बारेमा समूह-छलफल
- बोलाइका विभिन्न क्रियाकलाप सम्पन्न गर्न भूमिकाअभिनय
- विभिन्न क्रियाकलापको प्रदर्शन
- लघुव्याख्यान र ठूलो समूहप्रस्तुति

**शिक्षण-सामग्री**

- बोलाइमा प्रभाव पार्ने तत्त्वहरूको सूची
- बोलाइशिक्षण क्रियाकलापहरूको सूची
- बोलाइमा भूमिकाअभिनय र प्रदर्शनका लागि उपयुक्त नमुना र पाठहरू
- हाजिरीजवाफ, वक्तृता, संवाद, प्रश्नोत्तर,

| | | |
|---|---|---|
| कथाकथन, आदिका नमुना र शीर्षक- सूची<br>• विभिन्न किसिमका बोलाइ नमुना प्रदर्शनका लागि क्यासेट, टेपरेकर्डर, भिडियो, सिडी आदि<br>**मूल्याङ्कन-प्रक्रिया**<br>• क्रियाकलाप तथा छलफलमा सहभागिता<br>• भूमिकाअभिनय र प्रदर्शनको क्षमता<br>• व्यक्तिगत र सामूहिक अभिलेख<br>• प्रयोगात्मक सीपको क्षमता | | |

**अपेक्षित सक्षमता ३ : उच्चारणशिक्षण (एक महिनाका लागि ३ घण्टा )**

| शिक्षकको विकासका लागि अपेक्षित सक्षमताहरू | तालिमकेन्द्र आधारित तालिमको सक्षमता मापन आधार | विद्यालयमा आधारित तालिमको सक्षमता मापन आधार |
|---|---|---|
| **सक्षमता ३**<br>क) शिक्षकले उच्चारणशिक्षणका समस्या-पहिचान गर्नेछन् ।<br>ख) शिक्षकले उच्चारणगत कमजोरी निराकरणका लागि कक्षाकोठामा उच्चारण शिक्षणको तयारी गरी उच्चारण-शिक्षणका विभिन्न तरिकाहरूको प्रयोग गर्नेछन् । | प्रत्येक शिक्षकले उच्चारण-शिक्षणमा देखिने समस्याहरूको सूची निर्माण गर्नेछन् । | प्रत्येक शिक्षकले कक्षाकोठामा उच्चारण-शिक्षण गर्नेछन् । |
| **विषयवस्तु**<br>*उच्चारणशिक्षणका समस्याहरूको पहिचान र समाधान*<br>• विद्यार्थीको भाषिक पृष्ठभूमि, सम्पर्क र वातावरणगत<br>• वर्णगत<br>• शब्दगत<br>• वर्णविन्यासगत<br>• वाक्यगत<br>*उच्चारणशिक्षणको तयारी*<br>• समस्यामूलक शब्दहरूको छनोट<br>• तिनको वर्गीकरण तथा सूचीकरण<br>*उच्चारणशिक्षणका तरिकाहरू*<br>• शिक्षकले अनुकरण गर्न लगाउने वा ध्वनि, शब्द र वाक्यको उच्चारण रेकर्ड गरी सुनाउने<br>• समस्यायुक्त क्षेत्रमा समूह-छलफल र | प्रत्येक शिक्षकले विभिन्न भाषिक पृष्ठभूमि भएका विद्यार्थीको उच्चारणको कठिनाइ क्षेत्रको पहिचानका लागि समूह छलफल गर्नेछन् ।<br><br>विद्यार्थीका उच्चारण कठिनाइमा देखापरेका समस्याको निराकरण र उच्चारण क्षमताको विकासका लागि आवश्यक शिक्षण तरिका पत्ता लगाउनेछन् । | उच्चारणशिक्षणका क्रममा विभिन्न भाषाभाषी समुदाय र मातृभाषीले गर्ने उच्चारण त्रुटि पत्ता लगाउनेछन् ।<br><br>पत्ता लागेका उच्चारणगत त्रुटि समाधान गर्न विभिन्न तरिका प्रयोग गर्नेछन् ।<br><br>उच्चारणशिक्षणका क्रममा देखिएका समस्या, विद्यार्थीले गर्ने उच्चारणगत त्रुटिका |

| | | |
|---|---|---|
| कुराकानी गराउने<br>• समस्यायुक्त वर्ण र शब्दयुग्म अभ्यास<br>• शव्दगत र वाक्यगत अभ्यास<br>• गति, यति, आघात, अनुतान आदिमा उच्चारण प्रदर्शन र अभ्यास<br>• विद्यार्थीको उच्चारणगत त्रुटिपहिचानका क्रममा शुद्धीकरण र पृष्ठपोषणको निरन्तरता<br>**शिक्षण-विधि**<br>• उच्चारणशिक्षणका लागि छलफल र प्रदर्शन<br>• उच्चारणशिक्षणका समस्या पहिचान र समाधानका लागि समूह-कार्य<br>• उच्चारणसम्बन्धी क्रियाकलापका लागि व्यक्तिगत र सामूहिक अवलोकन<br>• गल्ती प्रदर्शन र पुनरावृत्ति अभ्यास<br>**शिक्षण-सामग्री**<br>• उच्चारण अभ्यासका लागि नमुना पाठहरू<br>• समस्या-पहिचान र प्रदर्शनका लागि वर्णपत्ती, वाक्यपत्ती, र वाक्यसमूहका नमुना<br>• त्रुटिक्षेत्रका समस्या भएका पाठ वा नमुनाहरू<br>• उच्चारण रेकर्ड गरिएका श्रव्य-दृश्य सामग्री ( रेडियो, टेलिभिजन, सिडी, भिडियो आदि )<br>**मूल्याङ्कन-प्रक्रिया**<br>• छलफल र प्रदर्शनमा व्यक्तिगत सहभागिता<br>• शिक्षण तरिका प्रदर्शन<br>• प्रशिक्षकको अवलोकन | शिक्षण तरिकाका आधारमा तालिम कक्षमा नमुना-शिक्षण प्रदर्शन गर्नेछन् । | बारेमा कार्यमूलक अनुसन्धान गर्नेछन् । |

**अपेक्षित सक्षमता ४ : पढाइशिक्षण (एक महिनाका लागि १४ घण्टा )**

| शिक्षकको विकासका लागि अपेक्षित सक्षमताहरू | तालिमकेन्द्र आधारित तालिमको सक्षमता मापन आधार | विद्यालयमा आधारित तालिमको सक्षमता मापन आधार |
|---|---|---|
| **सक्षमता ४**<br>क) शिक्षकले पढाइका विभिन्न तहहरू पत्ता लगाई पढाइ सीपको विकासका लागि कक्षाकोठामा पढाइशिक्षणसँग सम्बद्ध | शिक्षकले पढाइशिक्षणको प्रकृतिका बारेमा समूहमा | तालिममा प्राप्त गरेका ज्ञान र सीपका |

| | | |
|---|---|---|
| विभिन्न क्रियाकलापहरूको प्रयोग गर्नेछन् ।<br>ख) शिक्षकले मौनपठनको तयारी गरी कक्षाकोठामा मौनपठन क्रियाकलापको प्रयोग गर्नेछन् । | छलफल गरी आफ्ना विचारहरू आदान-प्रदान गर्नेछन् । | आधारमा शिक्षण क्रियाकलापको प्रयोग गर्नेछन् । |
| ग) शिक्षकले सस्वर पढाइमा ध्यान दिनु पर्ने कुराहरू पहिल्याई सस्वर पठनका तरिकाहरूको वर्णन गर्नेछन् । | समूहमा छलफल गरी पढाइका तहहरूको सूची बनाई प्रदर्शन गर्नेछन् । | शिक्षण क्रियाकलापको प्रयोगका क्रममा आवश्यक अवलोकन फाराम र प्रश्ननिर्माण गरी प्रयोग गर्नेछन् । |
| **विषयवस्तु**<br>*पढाइका तहहरू*<br>• वर्णहरूलाई चिनेर पढ्नु<br>• शब्दहरूको समूहमा पढ्नु<br>• गति, यति मिलाएर पढ्नु<br>• शब्दार्थ बुझेर पढ्नु<br>• वाक्यको व्याकरण बुझेर पढ्नु<br>• पाठको वाक्य र वाक्यका परस्पर सम्बन्धलाई बुझेर पढ्नु | पढाइशिक्षणका लागि आवश्यक पर्ने क्रियाकलापको वर्णन गरी पाठ्यपुस्तक तथा अन्य सामग्रीबाट पढाइअभ्यासका पाठहरू तयार पार्नेछन् । | विद्यार्थीका पढाइसम्बन्धी अशुद्धिहरूलाई हटाउने कार्यमा सहयोग गर्नेछन् । |
| • शैलीगत प्रभाव पहिचान गरी पढ्नु<br>• पाठको सङ्गठनको पहिचान गरी पढ्नु<br>• कथा, कविता, निबन्ध जस्ता लामा पाठहरू पढ्नु<br>• मुख्य बुँदा टिप्न सक्ने गरी पढ्नु<br>• विशिष्ट सूचना प्राप्त गर्न पढ्नु | सस्वरपठनका लागि अवलोकन फारम तथा मौनपठनका लागि उपयुक्त प्रश्नहरू निर्माण गर्नेछन् । | विद्यार्थीको पढाइ सीपको विकास गर्न आवश्यक अन्य पठन सामग्री वा पढाइका लागि प्रोत्साहित गर्नेछन् । |
| • विस्तृत ज्ञान प्राप्त गर्न पढ्नु<br>*पढाइशिक्षणका क्रियाकलापहरू*<br>• मौनपठन<br>▪ मौनपठनका लागि कक्षा-वातावरण<br>▪ पठनसामग्रीको चयन<br>▪ पढाइको गति विकास गर्ने तरिका<br>▪ पाठबाहिरका सूचनाको उपयोग<br>▪ शब्दार्थपठन सीपहरू<br>▪ पाठपठन सीपहरू<br>▪ सङ्कथन पठन सीपहरू<br>▪ मौनपठनमा शिक्षकको सहयोग<br>▪ मौनपठन र प्रश्नोत्तर<br>▪ मौनपठनका नियमहरू<br>▪ द्रुतपठन<br>▪ पठनबोध<br>▪ बोधसम्बन्धी प्रश्नोत्तरका क्रियाकलापहरू | पढाइशिक्षणका क्रियाकलापहरू कक्षाकोठामा प्रयोग गर्नका लागि आवश्यक छलफल गरी निष्कर्ष प्रस्तुत गर्नेछन् । | विद्यार्थीको पठनकौशल विकास गर्न आफूले तयार पारेका प्रश्नहरूका आधारमा मूल्याङ्कन गर्नेछन् ।<br>विद्यार्थीलाई पढाइ सीपमा सक्षम बनाउन कक्षालाई रुचिपूर्ण ढङ्गले सञ्चालन गर्नेछन् ।<br>पढाइका समस्याको पहिचान र समाधान प्राप्त हुने गरी कार्यमूलक अनुसन्धान सम्पन्न गर्नेछन् । |

| | | |
|---|---|---|
| *सस्वरपठन*<br>• सस्वरपठनको तयारी<br>▪ उपयुक्त वातावरणको निर्माण<br>▪ सामग्रीको चयन<br>▪ सस्वरपठनका लागि मार्गनिर्देशन<br>▪ सस्वरपठनमा गति, यति, लय, आघात र स्वरप्रसारण<br>▪ विभिन्न प्रकृतिका विधाहरूमा सस्वरपठनको नमुना प्रदर्शन र कक्षा अभ्यास<br>*पठनअनुभव आदान-प्रदान*<br>• सामग्रीको चयन<br>• पठनअनुभवका लागि मार्गनिर्देशन<br>• अवलोकन फारमको निर्माण<br>*पठनअनुभवका विस्तृत क्रियाकलापहरू*<br>• पढाइमा रुचि बढाउने तरिकाहरू<br>• सस्वर र मौनपठनका लागि समयनिर्धारण<br>• पठनअनुभवको आदान-प्रदानका लागि शिक्षक-विद्यार्थी सम्मेलन<br>*पढाइशिक्षण क्रियाकलापको कक्षाकोठामा उपयोग*<br>• पढाइपूर्वको अवस्था<br>▪ पढाइका लागि विषयवस्तुको चयन<br>▪ विषयवस्तुको उद्देश्य निर्धारण<br>▪ विद्यार्थीको रुचिअनुरूपको विषयवस्तुको निर्धारणका लागि शिक्षक-विद्यार्थी छलफल<br>▪ पढाइका लागि उपयुक्त वातावरणको निर्माण<br>• पढाइका चरणको अवस्था<br>▪ पढाइमा विद्यार्थीको सहभागिता निर्धारण<br>▪ पढाइका चरणमा शिक्षकको अवलोकन र सहयोग<br>• पढाइपश्चात्को अवस्था<br>▪ मूल्याङ्कन, टिप्पणी र पृष्ठपोषण<br>शिक्षण-विधि<br>• पढाइका तहहरूको क्रमिकताका लागि समूह-छलफल<br>• भिन्न प्रकृतिका पाठहरूको पठनमा भूमिकाअभिनय | | |

| | | |
|---|---|---|
| • पठनसँग सम्बद्ध प्रतियोगिताको आयोजना<br>• उत्तर खोज्ने खेल-प्रदर्शन<br>• क्रियाकलाप चयनमा समूह र युगल-कार्य<br>• पठन-अनुभवको आदान-प्रदानमा प्रशिक्षक-शिक्षक सम्मेलन<br>**शिक्षण-सामग्री**<br>• नमुना पाठका लागि पत्रपत्रिका र विभिन्न किसिमका पुस्तकहरू<br>• प्रश्नहरूका नमुना<br>• पढाइ-गति अवलोकन फारम<br>• पढाइका तहहरूको सूची<br>• पढाइ गति अवलोकनका लागि घडी<br>• नमुना पठनका रेकर्डहरू (क्यासेट, भिडियो आदि )<br>**मूल्याङ्कन-प्रक्रिया**<br>• सस्वर - मौनपठनको अवलोकन<br>• प्रश्ननिर्माण कौशल<br>• समूह-कार्य र व्यक्तिगत कार्यमा सहभागिता | | |

**अपेक्षित सक्षमता ५ : शब्दभण्डार शिक्षण (एक महिनाका लागि ३ घण्टा )**

| शिक्षकको विकासका लागि अपेक्षित सक्षमताहरू | तालिमकेन्द्र आधारित तालिमको सक्षमता मापन आधार | विद्यालयमा आधारित तालिमको सक्षमता मापन आधार |
|---|---|---|
| **सक्षमता ५**<br>क) शिक्षकले भाषाशिक्षणमा शब्दभण्डार शिक्षणको क्रम बताउँदै नयाँ र कठिन शब्दको कोशीय र सन्दर्भपरक अर्थको पहिचान विधि बताउन सक्नेछन् ।<br>ख) शिक्षकले शब्दभण्डार शिक्षणका क्रियाकलापहरूको प्रयोग गरी कक्षा-कोठामा शब्दभण्डारशिक्षण गर्न सक्नेछन् ।<br>**विषयवस्तु**<br>*शब्दभण्डार/शब्दार्थशिक्षणको क्रम*<br>• शब्दसूची तयार पार्न लगाउने<br>• विद्यार्थीबाट अर्थ खोज्न र भन्न लगाउने<br>• शिक्षकले अवलोकन र सम्पादन गर्ने<br>• शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउने<br>• शिक्षकले नमुना वाक्यप्रयोग गरी उदाहरण | शिक्षकले शब्दार्थशिक्षण र शब्दको अर्थका बारेमा आफ्ना विचारहरू आदान-प्रदान गर्नेछन् ।<br>पाठका कठिन शब्द छानी त्यसको शिक्षण-क्रम बताउनेछन् ।<br>शब्दार्थशिक्षणका क्रियाकलापका बारेमा छलफल गरी त्यसको प्रदर्शन गर्नेछन् । | शिक्षकले तालिममा प्राप्त गरेका ज्ञान र सीपका आधारमा शब्दार्थशिक्षण गर्नेछन् ।<br>शब्दार्थशिक्षण गर्दा विविध विधिहरूको प्रदर्शन गर्नेछन् ।<br>समूह-कार्य र युगल-कार्य दिई विद्यार्थीलाई शब्दार्थ र प्रयोग अभ्यास गराउनेछन् । |

| | | |
|---|---|---|
| दिने ।<br>• विद्यार्थीलाई अर्कै प्रकृतिको वाक्य बनाउन लगाउने<br>• कोशीय र सन्दर्भपरक अर्थको पहिचान<br>*शब्दभण्डार/शब्दार्थशिक्षणका विधि*<br>• पर्यायवाची शब्द दिने<br>• शब्दको अर्थ दिने<br>• परिभाषा दिने<br>• विपरीतार्थक शब्द दिने<br>• चित्र, वस्तु वा प्रतिमूर्तिको उपयोग<br>• सन्दर्भ अर्थ दिने<br>• कार्य प्रदर्शन गरी अर्थ स्पष्ट पार्ने<br>• प्रयोग सन्दर्भको व्याख्या गर्ने<br>• प्रयोग गरी अभ्यास गराउने<br>• व्युत्पत्ति दिएर अर्थ खोज्ने<br>*पाठमा प्रयुक्त निम्न प्रकृतिका शब्दहरूको प्रयोग*<br>• पयार्यवाची शब्द<br>• विपरीतार्थी शब्द<br>• अनुकरणात्मक शब्द<br>• सिङ्गो शब्द<br>• सङ्क्षिप्त शब्द<br>• श्रुतिसमभिन्नार्थक शब्द<br>• लघुवाचक शब्द<br>• पारिभाषिक शब्द<br>• टुक्का र उखान<br>शिक्षण-विधि<br>• शब्दभण्डारशिक्षण क्रमका बारेमा समूह-कार्य र युगल कार्य<br>• शिक्षकबाट व्याख्यान<br>• शब्दभण्डार/शब्दार्थशिक्षण प्रदर्शन<br>शिक्षण-सामग्री<br>• शब्दभण्डार/शब्दार्थशिक्षण क्रमको सूची<br>• शब्दपत्ती, वाक्यपत्ती र शब्दार्थपत्ती<br>• पाठ्यपुस्तकका कठिन शब्दहरूको सूची<br>• उखान-टुक्काको सूची<br>• शब्दभण्डार/शब्दार्थशिक्षण विधिको तालिका<br>मूल्याङ्कन-प्रक्रिया<br>• समूह-कार्यमा सहभागिता | पाठबाट शब्दार्थशिक्षण गरी तालिम कक्षमा देखाउनेछन् र त्यसका बारेमा समूहबाट सुझाव प्राप्त गर्नेछन् । | शब्दार्थशिक्षण विधिमा पाइने सवल-दुर्वल पक्षका बारेमा प्रतिवेदन तयार पार्नेछन् । |

| | | |
|---|---|---|
| • शब्दभण्डार/शब्दार्थशिक्षणको प्रदर्शन<br>• व्यक्तिगत अवलोकन<br>• डायरी अध्ययन | | |

**अपेक्षित सक्षमता ६ : लेखाइशिक्षण (एक महिनाका लागि १५ घण्टा )**

| शिक्षकको विकासका लागि अपेक्षित सक्षमताहरू | तालिमकेन्द्र आधारित तालिमको सक्षमता मापन आधार | विद्यालयमा आधारित तालिमको सक्षमता मापन आधार |
|---|---|---|
| **सक्षमता ६**<br>क) शिक्षकले लेखाइका प्रक्रियाहरू पहिचान गरी लेखाइशिक्षणका आवश्यक पक्षहरूको वर्णन गर्नेछन् ।<br>ख) शिक्षकले लेखाइशिक्षणका विभिन्न क्रियाकलापहरू पत्ता लगाई तिनलाई कक्षाकोठामा प्रयोग गर्नेछन् ।<br>**विषयवस्तु**<br>*लेखाइशिक्षणको परिचय*<br>• लेखाइका आवश्यक पक्षहरू<br>▪ वर्ण, शब्द र पाठको सफा र स्पष्ट लेखन ( हस्तलेखन )<br>▪ वर्णविन्यास र लेख्यचिन्ह<br>▪ विचारसङ्गठनको उपयुक्त प्रस्तुतीकरण<br>• यान्त्रिक, निर्देशित, स्वतन्त्र र सिर्जनात्मक लेखन<br>*लेखाइशिक्षणका क्रियाकलापहरू*<br>• वस्तु तथा चित्रवर्णन<br>• अनुभव, घटना र यात्रावर्णन<br>• अनुलेखन<br>• श्रुतिलेखन<br>• प्रश्नोत्तर लेखन<br>• चिठी तथा निवेदन लेखन<br>• दैनिकी लेखन<br>• बुँदाटिपोट<br>• भावविस्तार र व्याख्या<br>• सारांश, सङ्क्षेपीकरण<br>• अनुच्छेद-लेखन<br>• निबन्ध-लेखन<br>• प्रतिवेदन-लेखन | शिक्षकले लेखाइशिक्षण, यसको प्रकृति र यसका आवश्यक पक्षका बारेमा विचार र अनुभवहरूको आदान-प्रदान गर्नेछन् ।<br>शिक्षण क्रियाकलापको प्रयोग गरी सङ्क्षिप्त रूपमा लेखाई सीपशिक्षणको प्रदर्शन गर्नेछन् ।<br>समूहमा छलफल गरी लेखाइशिक्षण क्रियाकलापको सूची तयार पार्नेछन् र नयाँ क्रियाकलापको खोजीसमेत गर्नेछन् ।<br>लेखाइ सीपशिक्षणका क्रियाकलापलाई कक्षामा प्रयोग गर्ने तरिका पत्ता लगाई त्यसका बारेमा पूर्ण सत्रमा छलफल गर्नेछन् । | शिक्षकले तालिममा प्राप्त गरेका शिक्षण विधिलाई कक्षाकोठामा प्रयोग गर्नेछन् ।<br>लेखाइशिक्षणका विविध क्रियाकलापमा विद्यार्थीलाई सहभागी गराउनेछन् ।<br>विद्यार्थीको लेखाइ-सीपको विकासका लागि विभिन्न किसिमले सहयोग गर्ने उदाहरण दिने, प्रश्न सोध्ने कार्य गर्नेछन् ।<br>लेखाइशिक्षणमा देखापरेका समस्याहरू टिपोट गर्नेछन् ।<br>लेखाइशिक्षणमा देखिएका समस्यालाई आफ्नो डायरीमा प्रतिवेदनका रूपमा समेट्नेछन् । |

| | | |
|---|---|---|
| • कथालेखन<br>• कवितालेखन<br>• संवाद-लेखन<br>• जीवनी-लेखन<br>• लेखाइसँग सम्बद्ध व्याकरण- अभ्यास<br>• दैनिकी, चिठी, निबन्ध, प्रतिवेदन, कथा, कविता, संवाद, जीवनीको निर्देशित र स्वतन्त्र लेखनमा शिक्षकको भूमिका<br>*लेखाइशिक्षण क्रियाकलापहरूको कक्षा-कोठामा प्रयोग*<br>• लेखाइपूर्वका अवस्थाहरू<br>▪ लेखाइका लागि विषयवस्तुको चयन<br>▪ विषयवस्तुको उद्देश्य निर्धारण<br>▪ विद्यार्थीको रुचिअनुरूपको विषयवस्तुको निर्धारणका लागि शिक्षक-विद्यार्थी छलफल<br>▪ लेखाइका लागि उपयुक्त वातावरणको निर्माण<br>• लेखाइका चरणको अवस्था<br>▪ लेखाइमा विद्यार्थीको सहभागिता निर्धारण<br>▪ लेखाइका चरणमा शिक्षकको अवलोकन र सहयोग<br>• लेखाइपश्चात्को अवस्था<br>▪ मूल्याङ्कन, टिप्पणी र पृष्ठपोषण<br>**शिक्षण-विधि**<br>• लेखाइका आवश्यक पक्षका बारेमा अवधारणात्मक छलफल<br>• लेखनसम्बन्धी प्रयोगात्मक कार्य<br>• लेखाइशिक्षण क्रियाकलापको लागि समूह-कार्य, युगलकार्य र वैयक्तिक-कार्य<br>• लेखाइशिक्षण क्रियाकलापको प्रयोगमा देखिने सक्ने समस्याबारे छलफल<br>**शिक्षण-सामग्री**<br>• निबन्ध, कथा, संवाद, जीवनी आदिका शीर्षक र विषयवस्तु<br>• चिठी, प्रश्नोत्तर, दैनिकी आदिका नमुना<br>• निर्देशित-लेखन अभ्यासका लागि सामग्री<br>• विभिन्न पत्रपत्रिका र पुस्तकमा रहेका | | |

| | | |
|---|---|---|
| नमुना सामग्री एवम् लेख-रचना<br>**मूल्याङ्कन-प्रक्रिया**<br>• प्रयोगात्मक कार्यको मूल्याङ्कन<br>• व्यक्तिगत अवलोकन<br>• व्यक्तिगत रूपमा लेखाइमा क्षमता प्रदर्शन<br>• युगल तथा सामूहिक कार्यको सहभागिता प्रदर्शन<br>• डायरी-लेखन र व्यवस्थापन | | |

**अपेक्षित सक्षमता ७ : वर्णविन्यासशिक्षण (एक महिनाका लागि ३ घण्टा )**

| शिक्षकको विकासका लागि अपेक्षित सक्षमताहरू | तालिमकेन्द्र आधारित तालिमको सक्षमता मापन आधार | विद्यालयमा आधारित तालिमको सक्षमता मापन आधार |
|---|---|---|
| **सक्षमता ७**<br>क) शिक्षकले वर्णविन्यास तथा लेख्यचिन्हका त्रुटि–क्षेत्रहरू पहिल्याउन सक्नेछन् ।<br>ख) शिक्षकले वर्णविन्यास तथा लेख्यचिन्ह शिक्षणका लागि उपयुक्त क्रियाकलापको वर्णन गर्नेछन् ।<br>**विषयवस्तु**<br>*वर्णविन्याससम्बन्धी त्रुटिक्षेत्रहरू*<br>▪ हस्व–दीर्घ; श, ष, स;व, ब; ऋ, रि; ज्ञ, ग्य;<br>▪ अजन्त हलन्त<br>▪ शिरविन्दु, पञ्चम वर्ण र चन्द्रविन्दु<br>▪ य /ए<br>▪ क्ष/छे<br>▪ द्य/द्ध<br>• पदयोग र पदवियोग<br>*लेख्य चिन्हसम्बन्धी त्रुटि–क्षेत्रहरू*<br>▪ पूर्णविराम, अल्पविराम, अर्द्धविराम, प्रश्नचिन्ह, उद्गार, उद्धरण<br>▪ निर्देश र योजक<br>*क्रियाकलापहरू*<br>• श्रुतिलेखन<br>• अनुलेखन<br>• हिज्जे प्रतियोगिता<br>• स्वतन्त्र – लेखन | प्रत्येक शिक्षकले वर्णविन्यास र चिन्हप्रयोगका त्रुटिक्षेत्रको सूची तयार पार्नेछन् ।<br><br>शिक्षकले वर्णविन्यास र चिन्ह प्रयोगका त्रुटि निराकरणका उपाय पत्ता लगाउन समूह छलफल गर्नेछन् ।<br><br>समूह छलफलबाट आएका निष्कर्षहरूको टिपोट गरी वर्णविन्यास शिक्षणको नमुना प्रदर्शन गर्नेछन् ।<br><br>शिक्षकले विभिन्न सीपको मूल्याङ्कनका लागि आवश्यक पर्ने सामग्रीको छनोट गर्नेछन् ।<br><br>छनोट सामग्रीका आधारमा प्रश्ननिर्माण गरी प्रदर्शन गर्नेछन् । | शिक्षकले कक्षाकोठमा वर्णविन्यास शिक्षण गर्नेछन् ।<br><br>शिक्षकले विद्यार्थीका अभ्यास पुस्तिका, उत्तरपुस्तिका तथा कक्षाकार्यका आधारमा त्रुटिक्षेत्र पहिचान गर्नेछन् ।<br><br>शिक्षकले त्रुटि निराकरण गर्ने उपायहरूको कक्षा प्रयोग गर्नेछन् ।<br><br>शिक्षकले विद्यार्थीका वर्णविन्यास र चिन्ह प्रयोगमा देखिएका त्रुटि र निराकरणमा आधारित घटना अध्ययन तयार पार्नेछन् |

| | | |
|---|---|---|
| • शब्दकोश हेरी शुद्धीकरण<br>• लेखन शुद्धीकरण<br>**शिक्षण–विधि**<br>• वर्णविन्यास र लेख्यचिन्हसम्बन्धी त्रुटि–क्षेत्र पहिचानका लागि समूह–छलफल<br>• वर्णविन्यास र लेख्यचिन्हका त्रुटिहरूको प्रदर्शन<br>• वर्णविन्यास र लेख्यचिन्हका समस्याहरूको परियोजना कार्य<br>• वर्णविन्यास र लेख्यचिन्ह शिक्षण क्रियाकलापको बारेमा समूह छलफल ।<br>**मूल्याङ्कन–प्रक्रिया**<br>• व्यक्तिगत अवलोकन<br>• वर्णविन्यास प्रतियोगितामा क्षमता प्रदर्शन<br>• समूह–सहभागिता<br>• डायरी तथा अन्य लेखनमा भाषिक शुद्धताको अवलोकन | विभिन्न प्रकृतिका प्रश्न, प्रश्नका किसिम र मौखिक, लिखित प्रश्नहरूको मापन आधार तयार पार्नेछन् । | शिक्षकले पाठ / विधाको प्रकृतिको आधारमा सीपगत मूल्याङ्कनका लागि सामग्री तयार पार्नेछन् ।<br><br>शिक्षकले तयार पारेको सामग्रीका आधारमा निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनका लागि उपयुक्त प्रश्ननिर्माण गर्नेछन् ।<br><br>प्रश्ननिर्माण गरेपछि मापन आधार तयार पारी विभिन्न प्रकृतिका परीक्षण ( लिखित, मौखिक, अवलोकन ) गर्नेछन् । |

**अपेक्षित सक्षमता ८ : कविताशिक्षण र भाषिक सीप (एक महिनाका लागि ५ घण्टा )**

| शिक्षकको विकासका लागि अपेक्षित सक्षमताहरू | तालिमकेन्द्र आधारित तालिमको सक्षमता मापन आधार | विद्यालयमा आधारित तालिमको सक्षमता मापन आधार |
|---|---|---|
| **सक्षमता ८**<br>क) शिक्षकले साहित्यका विभिन्न विधाको परिचय दिई भाषिक सीपको विकासमा विधाहरूको उपयोगिताको वर्णन गर्नेछन् ।<br>ख) शिक्षकले कविताशिक्षणका विधिहरू पत्ता लगाई भाषिक सीपविकासका लागि कक्षाकोठामा कविताशिक्षण-सम्बन्धी क्रियाकलापहरूको उपयोग गर्नेछन् ।<br>**विषयवस्तु**<br>• पाठ्यपुस्तकमा रहेका विधाहरूको परिचय<br>• भाषिक सीपको विकासमा साहित्यका विधाहरूको उपयोग<br>• भाषिक सीपको विकासमा कविता विधाको | शिक्षकले आफ्नो अनुभवमा आधारित भई विभिन्नसाहित्यिक विधाको परिचय र प्रकृतिका बारेमा छलफल गर्नेछन् ।<br><br>शिक्षकले भाषाशिक्षणमा साहित्यिक विधा किन पढाउने भन्ने विषयमा अनुभव आदान-प्रदान | शिक्षकले कविताशिक्षणका लागि कक्षा तयारी गर्नेछन् ।<br><br>कविताशिक्षणसम्बन्धी तालिममा प्राप्त गरेको सीप-लाई कक्षाकोठामा प्रयोग गर्नेछन् । |

| | | |
|---|---|---|
| उपयोग<br>*कविताशिक्षण विधि*<br>• भाषिक सीप विकासका लागि निम्न क्रियाकलापहरूको प्रयोग<br>■ लयबोध<br>■ शुद्धोच्चारण<br>■ शब्दार्थ र वाक्यमा प्रयोग<br>■ पठनबोध<br>■ भावबोध<br>■ व्याख्या<br>■ सारांश-लेखन<br>■ कवितालेखन<br>■ व्याकरण<br>■ शब्दभण्डार<br>**शिक्षण-विधि**<br>• कविताशिक्षण विधिका बारेमा समूह छलफल<br>• कविताशिक्षण क्रियाकलापका प्रयोगका लागि समूह-कार्य<br>• कविताशिक्षणका नमुना प्रदर्शन<br>• प्रशिक्षकले समूह-समूहमा गई सहयोगीको भूमिका निर्वाह गर्ने<br>**शिक्षण-सामग्री**<br>• कविताशिक्षणका विधिहरूको क्रम-तालिका<br>• कविताशिक्षणका क्रियाकलाप-हरूको सूची<br>• कविता-वाचन रेकर्ड गरिएका क्यासेट र सिडीहरू<br>• नमुना कविताहरू<br>**मूल्याङ्कन-प्रक्रिया**<br>• व्यक्तिगत अवलोकन<br>• सिर्जनात्मक लेखनको क्षमता मापन<br>• विभिन्न क्रियाकलापमा व्यक्तिगत र समूहगत सहभागिता क्रियाकलापहरूमा सहभागिताको स्तर-निर्धारण | गर्नेछन् ।<br><br>कविताशिक्षणलाई भाषा-शिक्षणमा कसरी उपयोग गर्ने भन्ने विषयमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्नेछन् ।<br><br>कविताशिक्षणको विधिको क्रमका बारेमा छलफल गरी कविताशिक्षणका कुनै क्रियाकलापको छोटो प्रदर्शन गर्नेछन् ।<br><br>कविताशिक्षणका क्रियाकलापहरू छनोट गरी कक्षाशिक्षणमा तिनको प्रयोगको तरिकाका बारेमा अनुभव आदान-प्रदान गर्नेछन् । | कक्षालाई रुचिपूर्ण बनाई कविताशिक्षण गर्नेछन् ।<br><br>कविताको लयबोध, भावबोध, व्याख्या आदिको कक्षा प्रयोगका सवल-दुर्वल पक्ष टिपी सङ्क्षिप्त प्रतिवेदन तयार पार्नेछन् । |

अपेक्षित सक्षमता ९ : कथाशिक्षण र भाषिक सीप (एक महिनाका लागि ८ घण्टा)

| शिक्षकको विकासका लागि अपेक्षित सक्षमताहरू | तालिमकेन्द्र आधारित तालिमको सक्षमता मापन आधार | विद्यालयमा आधारित तालिमको सक्षमता मापन आधार |
|---|---|---|
| **सक्षमता ९**<br>शिक्षकले कथाशिक्षणको विधिका आधारमा भाषिक सीपविकासका विभिन्न क्रियाकलापहरूको प्रयोग गर्नेछन् ।<br>**विषयवस्तु**<br>*भाषिक सीपको विकासमा कथा विधाको उपयोग*<br>• कथाशिक्षण विधि<br>*भाषिक सीपको विकासका लागि निम्न क्रियाकलापहरूको प्रयोग*<br>• कथाकथन<br>• सस्वर र मौनपठन<br>• सारांश-कथन<br>• बोध-प्रश्नोत्तर<br>• घटनाक्रम मिलान<br>• शब्द र उखान-टुक्काको प्रयोग<br>• घटनावर्णन र घटनाक्रम टिपोट<br>• व्याकरण<br>• वर्णविन्यास<br>• कथालेखन<br>**शिक्षण-विधि**<br>• कथाको शिक्षणविधिका विषयमा मस्तिष्क-मन्थन<br>• समस्या दिई समूहबाट शिक्षण क्रियाकलापको समाधान<br>• घटना दिई कथालेखन र प्रस्तुतीकरण<br>• कथाशिक्षण क्रियाकलापका विषयमा समूह-छलफल<br>**शिक्षण-सामग्री**<br>• शिक्षण क्रियाकलापका लागि नमुना कथाहरू<br>• बालसाहित्य वा बालकथाका पुस्तकहरू<br>• व्याकरण अभ्यासका लागि उपयुक्त कथाहरू<br>• कथालेखनका लागि घटनाहरूको सूची | प्रत्येक शिक्षकले समूह छलफलका आधारमा कथाशिक्षणका विधिहरूको पहिचान गर्नेछन् ।<br><br>कथाशिक्षण विधिका आधारमा शिक्षकले कथाको नमुना शिक्षणका लागि आवश्यक सामग्री तयार पार्नेछन् ।<br><br>कथाशिक्षणको प्रदर्शनपछि त्यसका सबल-दुर्वल पक्षको समीक्षा गर्नेछन् ।<br><br>प्रत्येक शिक्षकले कक्षा-कोठामा प्रयोग हुने शिक्षण-विधि र उपयोगका बारेमा प्रतिवेदन तयार पार्नेछन् । | प्रत्येक शिक्षकले कथाशिक्षण विधिलाई कक्षाकोठामा प्रयोग गर्नेछन् ।<br><br>प्रत्येक शिक्षकले कथा-शिक्षणका लागि उपयुक्त अभ्यास तयार पार्नेछन् ।<br><br>प्रत्येक शिक्षकले विद्यार्थी सहभागिता वृद्धि हुने किसिमले शिक्षण कार्य गर्नेछन् ।<br><br>विद्यार्थीलाई कथापठन र बोधका निमित्त सहयोग गर्नेछन् ।<br><br>विद्यार्थीको निरन्तर मूल्याङ्कन गर्न विभिन्न प्रश्न सोध्न र उत्तर दिन लगाउनेछन् ।<br><br>आवश्यकतानुसार कथाशिक्षणको पुनरावृत्ति गरी कथाशिक्षण सम्पन्न गर्नेछन् । |

| | | |
|---|---|---|
| • कथाशिक्षणका क्रियाकलापको सूची<br>**मूल्याङ्कन-प्रक्रिया**<br>• व्यक्तिगत अवलोकन<br>• सिर्जनात्मक लेखनको क्षमता मापन<br>• विभिन्न क्रियाकलापमा व्यक्तिगत र समूहगत सहभागिता क्रियाकलापहरूमा सहभागिताको स्तर-निर्धारण | | कथाशिक्षणका उपयुक्त र प्रभावकारी विधिको खोजी गरी कार्यमूलक अनुसन्धान तयार पार्नेछन् । |

**अपेक्षित सक्षमता १० : जीवनीशिक्षण र भाषिक सीप (एक महिनाका लागि ६ घण्टा )**

| शिक्षकको विकासका लागि अपेक्षित सक्षमताहरू | तालिमकेन्द्र आधारित तालिमको सक्षमता मापन आधार | विद्यालयमा आधारित तालिमको सक्षमता मापन आधार |
|---|---|---|
| **सक्षमता १०**<br>शिक्षकले भाषिक सीपविकासका लागि जीवनी-शिक्षण विधिको वर्णन गर्दै कक्षा-कोठामा जीवनी विधाको प्रयोग गर्नेछन् ।<br>**विषयवस्तु**<br>भाषिक सीपको विकासमा जीवनी विधाको उपयोग<br>*भाषिक सीप विकासका लागि निम्न क्रियाकलापहरूको प्रयोग*<br>• जीवनीकथन शब्द र उखान-टुक्काको प्रयोग<br>• सस्वर र मौनपठन<br>• सारांश-कथन<br>• बोध-प्रश्नोत्तर<br>• घटनाक्रम मिलान<br>• घटनावर्णन र घटनाक्रम टिपोट<br>• व्याकरण<br>• वर्णविन्यास<br>• जीवनीलेखन<br>**शिक्षण-विधि**<br>• जीवनीशिक्षणविधिका विषयमा मस्तिष्क-मन्थन<br>• समस्या दिई समूहबाट शिक्षण क्रियाकलापको समाधान<br>• मुख्य बुँदाहरूका आधारमा जीवनी लेखन र प्रस्तुतीकरण<br>• जीवनीशिक्षण क्रियाकलापका विषयमा | प्रत्येक शिक्षकले समूह छलफलका आधारमा जीवनीशिक्षणका विधिहरूको पहिचान गर्नेछन् ।<br><br>जीवनीशिक्षण विधिका आधारमा शिक्षकले कथाको नमुना शिक्षणका लागि आवश्यक सामग्री तयार पार्नेछन् ।<br>जीवनीशिक्षणको प्रदर्शनपछि त्यसका सबल-दुर्वल पक्षको समीक्षा गर्नेछन् ।<br><br>प्रत्येक शिक्षकले कक्षा-कोठामा प्रयोग हुने शिक्षण-विधि र उपयोगका बारेमा प्रतिवेदन तयार पार्नेछन् । | प्रत्येक शिक्षकले जीवनीशिक्षण विधिलाई कक्षाकोठामा प्रयोग गर्नेछन् ।<br><br>प्रत्येक शिक्षकले कथा-शिक्षणका लागि उपयुक्त अभ्यास तयार पार्नेछन् ।<br><br>प्रत्येक शिक्षकले विद्यार्थी सहभागिता वृद्धि हुने किसिमले शिक्षण कार्य गर्नेछन् ।<br><br>विद्यार्थीलाई जीवनीपठन र बोधका निमित्त सहयोग गर्नेछन् ।<br><br>विद्यार्थीको निरन्तर मूल्याङ्कन गर्न विभिन्न प्रश्न सोध्ने र उत्तर दिन लगाउनेछन् । |

| | | |
|---|---|---|
| समूह-छलफल<br>**शिक्षण-सामग्री**<br>• विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय व्यक्तित्वका जीवनीहरू<br>• ख्यातिप्राप्त व्यक्तित्वका जीवनका प्रमुख घटनाक्रमको सूची<br>• जीवनीनायकको तस्विरहरू<br>• जीवनीशिक्षण विधिको क्रमतालिका<br>• जीवनीशिक्षण क्रियाकलापको सूची<br>• भाषातत्त्वका लागि प्रश्नहरू<br>**मूल्याङ्कन-प्रक्रिया**<br>• व्यक्तिगत अवलोकन<br>• सिर्जनात्मक लेखनको क्षमता मापन<br>• विभिन्न क्रियाकलापमा व्यक्तिगत र समूहगत सहभागिता<br>• क्रियाकलापहरूमा सहभागिताको स्तर-निर्धारण | | आवश्यकतानुसार कथाशिक्षणको पुनरावृत्ति गरी कथाशिक्षण सम्पन्न गर्नेछन् ।<br><br>कथाशिक्षणका उपयुक्त र प्रभावकारी विधिको खोजी गरी कार्यमूलक अनुसन्धान तयार पार्नेछन् । |

**अपेक्षित सक्षमता ११ : रूपकशिक्षण र भाषिक सीप (एक महिनाका लागि ८ घण्टा )**

| शिक्षकको विकासका लागि अपेक्षित सक्षमताहरू | तालिमकेन्द्र आधारित तालिमको सक्षमता मापन आधार | विद्यालयमा आधारित तालिमको सक्षमता मापन आधार |
|---|---|---|
| **सक्षमता ११**<br>शिक्षकले बोलाइ सीपलगायत अन्य सीपहरूको विकासका लागि रूपक विधाशिक्षण विधिको वर्णन गर्दै कक्षाकोठामा रूपक विधाको प्रयोग गर्नेछन् ।<br>**विषयवस्तु**<br>*भाषिक सीपविकासमा रूपक विधाको उपयोग*<br>*रूपक विधाको वर्गीकरण*<br>• संवाद<br>• वादविवाद<br>• मनोवाद<br>• वक्तृता<br>*रूपकशिक्षण विधि*<br>• पठनपूर्वको चरण<br>▪ वातावरण निर्माण<br>▪ नाटकीकरण भूमिकाभिनयका लागि | शिक्षकले रूपक विधा-अन्तर्गतका क्षेत्रका बारेमा छलफल गरी तिनको सूची तयार पार्नेछन् ।<br><br>शिक्षकले रूपक विधाको शिक्षणविधिको क्रमका बारेमा विचार आदान-प्रदान गरी उपयुक्त क्रम तयार पार्नेछन् ।<br><br>शिक्षकले रूपक विधा-शिक्षणको योजना बनाई रूपकशिक्षण विधिको प्रदर्शन गर्नेछन् । | रूपक विधा शिक्षणको योजना बनाउनेछन् ।<br><br>निर्मित योजनाका आधारमा रूपकशिक्षणको तयारी गर्नेछन् ।<br><br>रूपक विधाका उपलब्धिमा भूमिकाभिनय गर्ने वा सहभागी हुनेहरूको नाम निर्देश गर्नेछन् । |

| | | |
|---|---|---|
| जिम्मेवारी निर्देश<br>■ वादविवाद र वक्तृताको विषयशीर्षक निर्देश<br>■ नाटकीकरण वा भूमिकाअभिनय तथा अन्य कार्यका सहभागीका लागि अवलोकन र मूल्याङ्कन फारम-निर्माण<br>• पठन वा विद्यार्थीको सहभागिताको चरण<br>■ विद्यार्थीका कार्यको अवलोकन ( उच्चारण, प्रस्तुतीकरण, भाषा-प्रयोग, अङ्गसञ्चालन, हाउभाउ, आवश्यकतानुसार तार्किकलगायत अन्य अभिव्यक्ति, विषयवस्तुको ज्ञान, भूमिकाअभिनयको स्तर आदिका आधारमा )<br>*भाषिक सीप विकासकालागि निम्न क्रियाकलापहरूको प्रयोग*<br>• संवाद र एकाङ्की<br>■ नाटकीकरण<br>■ छलफल र कुराकानी<br>■ भूमिकाअभिनय<br>■ शब्दार्थ र वाक्यमा प्रयोग<br>■ प्रश्नोत्तर<br>■ सस्वरवाचन<br>■ व्याख्या<br>■ व्याकरण<br>■ शब्दभण्डार<br>• वादविवाद<br>■ शब्दार्थ र वाक्यमा प्रयोग<br>■ भूमिकाभिनय<br>■ पठनबोध<br>■ बहस<br>■ वादविवादको आयोजना<br>■ तर्क र खण्डन-मण्डनसहित वादविवादलेखन<br>■ उखान-टुक्का<br>• मनोवाद<br>■ नाटकीकरण<br>■ भूमिकाभिनय<br>■ सस्वरपठन<br>■ व्याकरण | रूपकविधाका शिक्षण समस्याका बारेमा छलफल गरी समस्याहरूको सूची बनाउनेछन् ।<br><br>शिक्षकले रूपक विधा शिक्षणका समस्या पत्ता लगाई विभिन्न क्रियाकलापहरूको प्रयोगबाट समस्याको समाधान गर्नेछन् । | सहभागीहरूको मूल्याङ्कन गर्न अवलोकन फारम प्रयोग गर्नेछन् ।<br><br>रूपक विधाका शीर्षक वा विषयका आधारमा सहभागीलाई कार्य गर्न निर्देश गर्नेछन् ।<br><br>विद्यार्थीको मूल्याङ्कनका क्रममा कक्षा-छलफल आयोजना गर्नेछन् ।<br><br>मूल्याङ्कन र पृष्ठपोषण गर्नेछन् । |

| | | |
|---|---|---|
| • वक्तृता<br>■ कुराकानी<br>■ मौखिक प्रतिवेदन<br>■ कक्षा प्रस्तुतीकरण<br>■ भूमिकाअभिनय<br>■ नाटकीकरण<br>■ छलफल<br>■ बहस<br>■ भाषण<br>■ व्याख्यान<br>**शिक्षण–विधि**<br>• आवश्यकताअनुसार भूमिकाअभिनय<br>• नाटकीकरण र प्रदर्शन<br>• प्रतियोगितको आयोजना<br>• सामूहिक टिप्पणी र छलफल<br>• समूह-कार्य र युगल-कार्य<br>**शिक्षण–सामग्री**<br>• संवाद, एकाङ्की, वादविवाद, वक्तृता र मनोवादका मौखिक (रेकर्ड गरिएका वा दृश्यात्मक ) र लिखित नमुना, उपयुक्त रेडियो नाटक टेलिशृङ्खलाका नमुना<br>• भाषणका टेपहरू<br>• रेडियो, क्यासेट, टेपरेकर्डर, टेलिभिजन<br>• रूपकशिक्षण विधिको क्रम-सूची<br>**मूल्याङ्कन–प्रक्रिया**<br>• भूमिकाअभिनय र नाटकीकरणको अवलोकन<br>• वक्तृता र वादविवादको अवलोकन<br>• समूह, युगल र व्यक्तिगत कार्यक्रम सहभागिता<br>• युगल अवलोकन<br>• डायरी निरीक्षण | | |

**अपेक्षित सक्षमता १२ : निबन्धशिक्षण र भाषिक सीप (एक महिनाका लागि ८ घण्टा )**

| शिक्षकको विकासका लागि अपेक्षित सक्षमताहरू | तालिमकेन्द्र आधारित तालिमको सक्षमता मापन आधार | विद्यालयमा आधारित तालिमको सक्षमता मापन आधार |
|---|---|---|
| **सक्षमता १२**<br>शिक्षकले निबन्धशिक्षणका विधिको क्रम-निर्धारण | | |

| | | |
|---|---|---|
| गरी कक्षाकोठामा निबन्धशिक्षण क्रियाकलापहरूको प्रयोग गर्नेछन् ।<br>**विषयवस्तु**<br>*भाषिक सीप विकासमा निबन्ध विधाको उपयोग*<br>*निबन्धशिक्षण विधि*<br>• निबन्धशिक्षण पूर्वचरण<br>■ शिक्षण-तयारी<br>■ वातावरण निर्माण<br>■ निबन्धको विषयवस्तुमा छलफल<br>■ ढाँचा र संरचनामा छलफल<br>■ प्रश्नोत्तरका लागि प्रश्ननिर्माण<br>• निबन्धशिक्षणको चरण<br>■ विविध क्रियाकलापको उपयोग<br>■ क्रियाकलापको प्रयोगमा शिक्षकको सहयोगी भूमिका<br>• निबन्धशिक्षणपश्चात्को चरण<br>■ क्रियाकलापको मूल्याङ्कन<br>■ निबन्ध ढाँचाका आधारमा निबन्ध रचना<br>■ प्रस्तुति र कक्षा-छलफल<br>■ शिक्षकद्वारा मूल्याङ्कन र पृष्ठपोषण<br>*भाषिक सीप विकासकालागि निम्न क्रियाकलापहरूको प्रयोग*<br>• कठिन शब्दहरूको शुद्धोच्चारण<br>• शब्दार्थ र वाक्यमा प्रयोग<br>• मौखिक वर्णन<br>• लिखित वर्णन<br>• श्रुतिबोध<br>• श्रुतिलेख<br>• श्रुतिरचना<br>• व्याख्या, भावविस्तार<br>• सारांशलेखन<br>• अनुच्छेदलेखन<br>• निबन्धरचना<br>• व्याकरण<br>• शब्दभण्डार<br>**शिक्षण-विधि**<br>• निबन्धशिक्षण विधिको छलफल<br>• प्रशिक्षक-शिक्षक अन्तर्क्रिया | शिक्षकले निबन्धशिक्षणका विषयमा छलफल गरी यसका विधिहरू तय गर्नेछन् ।<br><br>निबन्धशिक्षण विधिका आधारमा कक्षाकोठामा निबन्धशिक्षण क्रियाकलापको प्रयोग कसरी गर्ने भन्ने विषयमा अन्तर्क्रिया गरी निष्कर्षमा पुग्नेछन् ।<br><br>अनुभव आदान-प्रदानका आधारमा निबन्धशिक्षणका समस्या पहिचान गर्नेछन् ।<br><br>समाधानका लागि उपयुक्त विधि र क्रियाकलापको तय गर्नेछन् ।<br><br>निबन्धशिक्षण क्रियाकलापको सङ्क्षिप्त प्रदर्शन गर्नेछन् । | तालिमबाट सिकेको निबन्ध-शिक्षण विधिको कक्षाकोठामा प्रयोग गर्नेछन् ।<br><br>निबन्धशिक्षणको चरणका आधारमा निबन्धको शिक्षण गर्नेछन् ।<br><br>निबन्धशिक्षणमा आवश्यकतानुसार उपयुक्त क्रियाकलापको प्रयोग गर्नेछन् ।<br><br>निबन्धशिक्षणकै क्रममा निर्माणात्मक प्रकृतिको मूल्याङ्कनको उपयोग गर्नेछन् ।<br><br>निबन्धशिक्षणबाट भाषाशिक्षण गर्दाका विभिन्न पक्षको अध्ययन गरी छोटो प्रतिवेदन तयार पार्नेछन् । |

| | | |
|---|---|---|
| • क्रियाकलापको प्रयोग - प्रदर्शन<br>• व्यक्तिगत रूपमा निबन्धरचना<br>**शिक्षण–सामग्री**<br>• निबन्ध-शिक्षण विधिको क्रमसूची<br>• निबन्धशिक्षण क्रियाकलापहरूको सूची<br>• नमुना अनुच्छेद र निबन्धहरू<br>• विभिन्न पत्रपत्रिका र पुस्तकमा प्रकाशित निबन्धहरू<br>**मूल्याङ्कन–प्रक्रिया**<br>• निबन्धलेखन सीपको प्रदर्शन<br>• क्रियाकलापको प्रस्तुतीकरण<br>• समूह छलफलमा सहभागिता | | |

**अपेक्षित सक्षमता १३ : दैनिकी तथा चिठीशिक्षण र भाषिक सीप (एक महिनाका लागि ४ घण्टा )**

| शिक्षकको विकासका लागि अपेक्षित सक्षमताहरू | तालिमकेन्द्र आधारित तालिमको सक्षमता मापन आधार | विद्यालयमा आधारित तालिमको सक्षमता मापन आधार |
|---|---|---|
| **सक्षमता १३**<br>शिक्षकले लेखाइ सीपको विकासका लागि दैनिकी र चिठीशिक्षणका क्रियाकलापहरूलाई उपयोग गर्नेछन् ।<br>**विषयवस्तु**<br>दैनिकी र चिठीको प्रयोजन<br>*दैनिकी र चिठीशिक्षण विधि*<br>• दैनिकी चिठीलेखन पूर्व चरण<br>▪ दैनिक चिठीको नमुना प्रदर्शन | दैनिकी र चिठीशिक्षण विधिका बारेमा समूह छलफल गरी क्रम तय गर्नेछन् । | दैनिकी र चिठीलेखनलाई कक्षाकोठामा प्रयोग गर्नेछन् । |
| ▪ दैनिकी र चिठीका अङ्ग आदिको पहिचान<br>▪ दैनिकी र चिठीको प्रकृति (प्रकार ) को पहिचान<br>▪ दैनिकी र चिठीलेखन तरिकाको वर्णन र प्रदर्शन | दैनिकी र चिठीलेखनमा सहभागी हुनेछन् र समूहमा प्रस्तुत गर्नेछन् । | विद्यार्थीलाई विभिन्न ढाँचा प्रस्तुत गरी दैनिकी र चिठीलेखन अभ्यास गराउनेछन् । |
| • दैनिकी र चिठीलेखनको चरण<br>▪ पाठ्य दैनिकी र चिठीको पढाइ<br>▪ आवश्यकतानुसार प्रश्नोत्तर<br>▪ शैली र प्रकृतिअनुसारका दैनिकी र चिठीलेखन | समूह छलफल र प्रस्तुतिका आधारमा दैनिकी र चिठीलेखनका उपयुक्त पद्धति र ढाँचा तय गर्नेछन् । | विषयवस्तु दिई स्वतन्त्र रूपमा दैनिकी र चिठी लेख्न दिनेछन् । |
| • दैनिकी र चिठीलेखनपश्चात्को चरण | | दैनिकी र चिठीको |

| | | |
|---|---|---|
| ▪ लेखिएका दैनिकी र चिठीको कक्षा-प्रस्तुति र छलफल<br>▪ मूल्याङ्कन र पृष्ठपोषण<br>**शिक्षण-विधि**<br>• दैनिकी र चिठीका नमुनामा छलफल<br>• दैनिकी र चिठीलेखन र प्रस्तुतीकरण<br>• प्रस्तुत गरिएका दैनिकी र चिठीमा समूह-छलफल<br>**शिक्षण-सामग्री**<br>• दैनिकी र चिठीका नमुनाहरू<br>• दैनिकी र चिठीमा प्रयुक्त हुने पारिभाषिक शब्दहरूको सूची<br>• चिठीका प्रकारमा रहेको फरकहरूको बुँदागत तालिका<br>• दैनिकी र चिठीमा व्याकरणको प्रयोग<br>**मूल्याङ्कन-प्रक्रिया**<br>• दैनिकी र चिठीको प्रदर्शन<br>• क्रियाकलापमा सहभागिता | दैनिकी र चिठीशिक्षणमा प्रयोग हुने अन्य विधिका बारेमा छलफल गरी अन्तिम निष्कर्षमा पुग्नेछन् । | मूल्याङ्कन गरी टिप्पणी-समेत गर्नेछन् । |

**अपेक्षित सक्षमता १४ : व्याकरणशिक्षण (एक महिनाका लागि १२ घण्टा )**

| शिक्षकको विकासका लागि अपेक्षित सक्षमताहरू | तालिमकेन्द्र आधारित तालिमको सक्षमता मापन आधार | विद्यालयमा आधारित तालिमको सक्षमता मापन आधार |
|---|---|---|
- प्रशिक्षार्थी शिक्षकहरूको व्यक्तिगत प्रस्तुतीकरणको विशेषज्ञद्वारा मूल्याङ्कन

## मोडुल – ३ : तालिमकेन्द्र आधारित र विद्यालयमा आधारित
## [ नेपाली भाषाशिक्षणका पेसागत विकास (Generic) ]

**पाठ्यक्रम परिचय**

प्रस्तुत पाठ्यांशको उद्देश्य नेपाली भाषाशिक्षणमा संलग्न सेवाकालीन शिक्षकहरूलाई पेसागत विकासमा सक्षम बनाउनु हो । यसअन्तर्गत सामाजिक विविधताको व्यवस्थापन (diversity management), सहयोगी सिकाइ (collegial learning), विस्तारित पेसागत दक्षताहरू (extended professional capabilities) शिक्षणमा वैश्वीस्थानीकरण (glocalization: स्थानीयकरण + विश्वव्यापीकरण) का अभ्यासहरू, शैक्षणिक योजना, शिक्षासँग सरोकारवाला (Stakeholders of education) हरूसित गरिने व्यक्तिगत र पेसागत व्यवहार, कक्षागत अनुसन्धान र मूल्याङ्कन विधिसँग सम्बद्ध ज्ञान, सीप र अभ्यासलाई प्रस्तुत गरिएको छ ।

**उद्देश्य**

यस पाठ्यांशको समापनपछि प्रशिक्षार्थीहरू निम्न कुराहरूमा सक्षम हुनेछन् :

१ कक्षाकोठागत विविधताको पहिचान गर्न
२ कक्षाकोठामा पाइने विविधताप्रति न्यायपूर्ण र समानतामा आधारित भई योजना निमार्ण गर्न
३ शैक्षिक र शैक्षणिक योजना निमार्ण गर्न
४ शिक्षण / सिकाइलाई अन्तर्क्रियामुखी (interactive) बनाउन
५ शिक्षकको अन्तरवैयक्तिक र आन्तरिक व्यवहारलाई सुनिश्चित गर्न
६ मूल्याङ्कन-विधिलाई उपयुक्त रूपमा कक्षाकोठामा प्रयोग गर्न
७ शिक्षकलाई अनुसन्धान र प्रतिविम्वन (reflection) सीपहरूमा निपुण बनाउन

**पाठ्यांश सहजीकरण पद्धति (Course facilitation Approach)**

पेसागत विकाससम्बन्धी प्रस्तुत पाठ्यांशलाई प्रस्तुत गर्दा प्रशिक्षकले निम्न क्रियाकलाप गर्नेछन्:

- शिक्षकका व्यक्तिगत विचारको सामान्यीकरण गर्ने ।
- अवधारणहरूको बोधका लागि सैद्धान्तिक आधार प्रस्तुत गर्ने अथवा शिक्षकद्वारा प्रस्तुत अवधारणलाई सैद्धान्तिक स्वरूप प्रदान गर्ने ।
- शिक्षकलाई नेपाली भाषाकै सन्दर्भहरूबाट नै उदाहरणहरू प्रस्तुत गर्न प्रोत्साहित गर्ने ।
- कक्षा छलफललाई सामूहिक बनाउने ।
- विद्यालयमा आधारित तालिम अवधिमा आवश्यक पर्ने खोज र सिकाइका लागि आवश्यक पर्ने प्रश्नहरू सोध्न प्रोत्साहित गर्ने ।

पेसागत सक्षमतामा आधारित यो पाठ्यक्रम नेपाली भाषाशिक्षणसँग सम्बद्ध छ । यस्तो अवस्थामा प्रशिक्षकले पाठ्यक्रममा समावेश प्रत्येक विषयवस्तुलाई नेपाली भाषाशिक्षणमा उपयोग गर्न सकिने गरी प्रस्तुत गर्नुपर्नेछ । यसका विषयवस्तुलाई नेपाली भाषाशिक्षणमा उपयोग गर्ने क्रममा प्रशिक्षकले प्रशिक्षार्थीलाई तिनको उपयुक्त ढङ्गले प्रयोग गर्नका लागि प्रोत्साहित गर्नु आवश्यक छ ।

पेसागत विकास पाठ्यक्रमको प्रयोगका समयमा प्रशिक्षकले (क) प्रत्येक सक्षमताले विशिष्टीकृत गरेका प्रत्येक विषयवस्तुको अवधारणाका बारेमा छलफल गर्ने, (ख) प्रशिक्षार्थीलाई आफूले प्राप्त गरेको ज्ञान

र सीपलाई कक्षाकोठामा सिर्जनात्मक रूपमा लागू गर्न सहजीकरण गर्ने र (ग) यस पाठ्यक्रममा रहेका प्रत्येक सक्षमतामा दिइएका विषयवस्तुप्रति शिक्षक/प्रशिक्षार्थीको रुचिपूर्ण व्यवहारलाई सुनिश्चित गर्ने कार्य गर्नुपर्नेछ।

पेसागत विकास सक्षमतासम्बन्धी प्रस्तुत पाठ्यक्रम विद्यालयका सबै तहमा प्रयोग हुनेछ तापनि यसलाई ग्रहण गर्ने कुरा शिक्षकको बोधक्षमतामा भर पर्दछ । यस अवस्थामा नि. मा. वि. र मा. वि. तहका शिक्षकहरूका लागि एउटै पाठ्यक्रम तयार पारिएको छ र प्रशिक्षार्थीको स्तर, ज्ञान र सीपको स्तरअनुसार यसको प्रयोग हुनुपर्छ भन्ने उद्देश्य राखिएको छ ।

**अपेक्षित सक्षमता १: कक्षाकोठामा समाहित (Inclusion) हुने विभिन्न प्रकारका सामाजिक विविधताहरू ( एक महिनाका लागि १२ घण्टा )**

| शिक्षकको पेसागत विकासका लागि अपेक्षित सक्षमताहरू | तालिमकेन्द्र आधारित तालिमको सक्षमता मापन आधार | विद्यालयमा आधारित तालिमको सक्षमता मापन आधार |
|---|---|---|
| **सक्षमता १**<br>शिक्षकले नेपाली भाषाशिक्षणका क्रममा लैङ्गिक, क्षेत्रीय, जातीय, जनजातीय, भाषिक, अपाङ्ग बालबालिका, युद्ध प्रभावित बालबालिका, बालश्रमिक र बालमजदुर (child worker & child labour), सिकाइक्षमता र अक्षमताहरू, सिकाइ शैलीहरू (learning styles), संवेगात्मक अवस्था तथा सांस्कृतिक धार्मिक भिन्नता जस्ता कक्षाकोठामा पाइने सामाजिक विविधताहरू पत्ता लगाउनेछन् ।<br>**विषयवस्तु**<br>*सामाजिक र कक्षाकोठागत विविधताहरू*<br>• सामाजिक र कक्षाकोठागत विविधताको परिचय<br>• नेपाली भाषाशिक्षणका क्रममा कक्षाकोठाको विविधता पत्ता लगाउने तरिकाहरू<br>• कक्षाकोठाको विविधताका बारेका गलत अवधारणहरू<br>• नेपाली भाषाशिक्षणमा कक्षाकोठागत विविधतालाई प्रस्तुत गर्ने विभिन्न तरिकाहरू<br>*विविधताको बोध गर्ने विभिन्न पद्धतिहरू*<br>(द्रष्टव्य: प्रत्येक विविधता भाषाशिक्षणका क्रममा प्रयोग हुने हुँदा यिनीहरूका बारेमा प्रशिक्षार्थी सचेत हुनुपर्दछ । )<br>• लैङ्गिक विविधता<br>• जातीय (Caste) विविधता<br>• जनजातीय (Ethinic) विविधता | प्रत्येक शिक्षकले आफ्नो कक्षाकोठाको अवस्था बताउँदै सामाजिक विविधताका विभिन्न पक्षहरूको पहिचान गर्नेछन् ।<br><br>शिक्षकहरू छलफलमा सहभागी हुनेछन् र विभिन्न विविधताका कारणहरूको सूची निर्माण गर्नेछन् ।<br><br>शिक्षकले यी विविधतासँग सम्बद्ध शैक्षिक समस्याहरू प्रस्तुत गर्नेछन् ।<br><br>शिक्षकले नेपाली भाषा-शिक्षणमा प्रत्येक विविधताहरूका बारेमा सम्बोधन गरी त्यसका विषयमा आवश्यक कार्य- | प्रत्येक शिक्षकले आफूले तयार पारेको कार्यमूलक अनुसन्धानलाई कक्षा-कोठाको विविधताअनुरूप लागू गर्नेछन् र अनुभवको अभिलेख तयार पार्नेछन् ।<br><br>शिक्षकले शैक्षिक र गैर-शैक्षिक प्रक्रियाद्वारा सामाजिक विविधतालाई सम्बोधन गरी लागू हुने किसिमको सूची तयार पर्नेछन् ।<br><br>शिक्षकले आफूले प्राप्त गरेको अनुभव शिक्षासँग सम्बद्ध अन्य सरोकारवाला पक्षसँग पनि आदान-प्रदान गर्नेछन् । |

| | | |
|---|---|---|
| • भाषिक विविधता<br>• सांस्कृतिक विविधता<br>• स्थानगत / क्षेत्रगत विविधता<br>• अपाङ्गता<br>• बालश्रमिक र बालमजदुर लगायतका जीविकायापनका विविधता<br>• बाटो बिराएकाहरू (deviance)<br>• सिकाइ-शैलीहरू<br>• संवेगात्मक अवस्था<br>• द्वन्द्वप्रभावित बालबालिकाहरू<br>• मूल्यगत भिन्नताहरू<br>• धार्मिक भिन्नताहरू<br>• विविधता विशेषका सवालहरू (diversity specific issues)<br>• बहुसांस्कृतिक कक्षामा प्रयोग गरिने भाषा<br>• नेपाली भाषाशिक्षण र सिकाइमा विविधताका विभिन्न तरिकाहरूको प्रयोग<br>*पहिचान (Identity) व्यवस्थापनका विभिन्न पद्धतिहरू*<br>• सामाजिक सम्मिलन (Inclusion) र निषेध [ बहिष्कार (Exclusion) ] को अवधारणा र सिद्धान्तहरू<br>• नेपाली भाषाशिक्षणमा सामाजिक सम्मिलन र निषेधका पुनर्सिकाइ(re-learning) र विसिकाइ (de-learning)का पद्धतिहरू<br>• नेपालीभाषाशिक्षणमा विशिष्ट पहिचानगत विविधता पत्ता लगाउने तरिकाहरू<br>• नेपाली भाषाशिक्षणमा पहिचानगत विविधताको व्यवस्थापनका पद्धतिहरू<br>• बहुभाषिक/बहुसांस्कृतिक कक्षामा भाषाशिक्षणका तरिकाहरू<br>• भाषाशिक्षण कक्षामा द्वन्द्व-व्यवस्थापनको मानवतावादी र सामाजिक न्यायको सिद्धान्त<br>• नेपाली भाषाशिक्षण र सिकाइमा पहिचान व्यवस्थापनको प्रयोग<br>*दुर्व्यवहार र निषिद्ध अवस्थाको व्यवस्थापन (abuses and taboo management)*<br>• दुर्व्यवहारका रूपहरू ( भौतिक, यौनिक, संवेगात्मक, भाषिक, जातीय, जनजातिगत, धार्मिक, दण्डात्मक ) | नीति तयार पार्नेछन् । शिक्षकले यी विविधता-हरूको सम्बोधन गरी कार्यमूलक अनुसन्धानको निर्माण/विकास गर्नेछन् । | |

| | | |
|---|---|---|
| • निषिद्ध अवस्थाहरू ( छुवाछुत, पर सरेको अवस्थाहरू आदि )<br>• दुर्व्यवहार र निषिद्ध अवस्थाबाट मुक्त शिक्षण पद्धतिलाई सुनिश्चित गर्ने पद्धतिहरू<br>• दुर्व्यवहार र निषिद्ध अवस्थाको व्यवस्थापनलाई नेपाली भाषशिक्षण-सिकाइमा प्रयोग गर्ने तरिकाहरू<br>**शिक्षण-विधि**<br>• अवधारणात्मक छलफल<br>• कक्षाकोठाको विविधता पहिचानका लागि समूह-कार्य<br>• विभिन्न सवालहरूमा समूह-छलफल<br>• सहयोगी शिक्षण<br>• नेपाली भाषाशिक्षणका क्रममा कक्षाकोठामा पाइने विविधताको पहिचानका लागि विचार-मन्थन सत्रहरू<br>**शिक्षण-सामग्री**<br>• सामाजिक र कक्षाकोठागत विविधताको वर्णन गरिएका सन्दर्भ-सामग्रीहरूको सूची<br>• भाषाशिक्षणका क्रममा कक्षाकोठाको विविधता प्रदर्शन हुने उदाहरणहरूको सूची<br>**मूल्याङ्कन-प्रक्रिया**<br>• व्यक्तिगत अभिलेखका लागि निवेश-सूची (Portfolio) मूल्याङ्कन<br>• व्यक्तिगत प्रतिविम्वन (reflection)<br>• कक्षाकोठाका विविधताहरूलाई सम्बोधन गरिएका व्यक्तिगत र समूहगत सूची प्रस्तुत गर्ने तरिकाहरू | | |

**अपेक्षित सक्षमता २: सहयोगी सिकाइ (Collegial learning ) ( एक महिनाका लागि ६ घण्टा )**

| शिक्षकको पेसागत विकासका लागि अपेक्षित सक्षमताहरू | तालिमकेन्द्र आधारित तालिमको सक्षमता मापन आधार | विद्यालयमा आधारित तालिमको सक्षमता मापन आधार |
|---|---|---|
| **सक्षमता २**<br>शिक्षकले नेपाली भाषाशिक्षण र पेसागत अद्यावधिकता (professional updating) को विकास गर्न सहयोगी (collegial) उपायहरूको खोजी गर्ने, ती साधनहरूको उपयोगका विभिन्न पद्धतिहरूका | प्रत्येक शिक्षकले आफ्ना सहपाठीहरूसँग अनुभव आदान-प्रदान गरी तिनीहरूको मानवीय, | प्रत्येक शिक्षकले सिकाइमा सुधार र पेसागत अद्यावधिकताका लागि प्रयोग गरिने मानवीय, |

| | | |
|---|---|---|
| पहिचान गरी कक्षाकोठामा तिनको प्रयोग गर्नेछन् ।<br>विषयवस्तु<br>*शिक्षक/समुदायको सामाजिक-मनोवैज्ञानिक बनावट*<br>• शिक्षक/समुदायको ज्ञानको संरचना, पुन: संरचना र वितरण प्रणाली<br>• शिक्षक/समुदायका वैचारिक र मनोवैज्ञानिक द्वन्द्वका आधारहरू<br>• नेपाली भाषाशिक्षण र सिकाइमा शिक्षक/शिक्षक रहेको समुदायको सामाजिक-मनोवैज्ञानिक बनोटको प्रयोग<br>*समाजका विभिन्न समूहको ज्ञानलाई प्रस्तुत गर्ने तरिकाहरू*<br>• सम्बन्ध निर्माण (rapport building) का सीपहरू<br>• पुस्तागत छलफल र व्यवस्थापन सीपहरू<br>• अहम् (ego)केन्द्री प्रवृत्तिको व्यवस्थापनका सीपहरू<br>• आत्मकेन्द्री (Anonymity) प्रवृत्तिको व्यवस्थापनका सीपहरू<br>• परामर्श सीपहरू (Consultation skills)<br>• बाह्यसाधनको उपयोगका सीपहरू (out sourcing skills)<br>• नेपाली भाषाशिक्षणमा ज्ञान प्रस्तुतिका विभिन्न पद्धतिहरूको प्रयोग<br>*कक्षाकोठामा सहयोगी सिकाइको प्रयोगका तरिकाहरू*<br>• शिक्षासँग सम्बद्ध विभिन्न संस्था र व्यक्तिबाट व्यक्तिगत र सामूहिक रूपमा ज्ञान प्रवाहीकरण गर्ने पद्धति<br>• शिक्षण र सिकाइ आदान-प्रदानका विभिन्न पद्धतिहरूको उपयोग<br>• नेपाली भाषाशिक्षणका कक्षामा सहयोगी सिकाइको उपयोग<br>*विद्यालयीय सिकाइसिद्धान्तहरू (theories of school learning)*<br>• सहयोगातमक सिकाइ (cooperative learning)<br>• पाण्डित्यपूर्ण/गुरुवत् (mastery) सिकाइ<br>• समस्यामा आधारित (Problem–based) सिकाइ<br>• उपलब्धिमा आधारित (Out Come) सिकाइ<br>• नेपाली भाषाशिक्षणको कक्षामा विद्यालयीय | भौतिक र वित्तीय स्रोतहरूको पहिचान गर्नेछन् ।<br>शिक्षकले शिक्षण-सिकाइमा सुधार र पेसागत अद्यावधिकताका लागि प्रयोग गरिने स्रोतका अप्ठ्यारा पक्षहरूलाई प्रस्तुत गर्नेछन् ।<br>शिक्षकले सहयोगी स्रोतहरूको प्रयोगमा देखिने अप्ठ्यारोलाई कमगर्ने योजनाको विकास गर्नेछन् ।<br>शिक्षकले शिक्षणमा सुधार र पेसागत अद्यावधिकताका लागि मानवीय, भौतिक र वित्तीय स्रोतहरूको व्यवस्थापन र पहिचान गर्न कार्ययोजना तयार पार्नेछन् ।<br>शिक्षकले आफ्ना साथीहरूको सिकाइ विधिको अभिलेख राख्नेछन् ।<br>शिक्षकले आफ्नै सिकाइ शिक्षण प्रभावको अभिलेख राख्नेछन् । | भौतिक र वित्तीय स्रोतहरूको व्यवस्थापन र पहिचान गर्न तयार पारिएको कार्ययोजना लागू गर्नेछन् ।<br>शिक्षकले सिकाइमा सुधार र पेसागत अद्यावधिकताका लागि मानवीय, भौतिक र वित्तीय स्रोतहरूको प्रक्रियाका बारेमा अभिलेख राख्नेछन् ।<br>शिक्षकले शिक्षकहरूको सिकाइ पद्धतिको अभिलेख राख्नेछन् ।<br>शिक्षकले विद्यार्थीको सिकाइ प्रक्रियाको अभिलेख राख्नेछन् ।<br>शिक्षकले शिक्षासँग सरोकार राख्ने अन्य पक्षसँग आफ्नो अनुभव आदान-प्रदान गर्नेछन् ।<br>शिक्षकले शिक्षण सुधार र पेसागत अद्यावधिकताका प्रमाणहरूको अभिलेख राख्नेछन् । |

| | | |
|---|---|---|
| सिकाइ-सिद्धान्तहरूको उपयोग<br>*वहुविध बौद्धिकता (Multiple intelligence) को धारणा*<br>• तार्किक/गणितिय बौद्धिकता<br>• शाब्दिक/भाषिक बौद्धिकता<br>• अन्तरवैयक्तिक (inter-person) बौद्धिकता<br>• बैयक्तिक/व्यक्तिविशेषको बौद्धिकता (inter-personal intelligence)<br>• दृश्यात्मक/विशिष्ट बौद्धिकता<br>• शारीरिक/गतिबोधक बौद्धिकता<br>• साङ्गीतक/लयात्मक (musical/rhythmic) बौद्धिकता<br>**शिक्षण-विधि**<br>• शिक्षकका आर्थिक, भौतिक र मानवीय स्रोतहरूलाई प्रस्तुत गर्ने विभिन्न पद्धतिहरूको पहिचान गर्ने समूह-कार्य<br>• सहकार्यात्मक (Collaborative) शिक्षण<br>• शिक्षकहरूका व्यक्तिगत र समूहगत स्रोतहरूको पहिचान<br>• शिक्षणमा सुधार गरी पेसागत अद्यावधिकतालाई कायम राख्न विभिन्न किसिमका स्रोत-सामग्रीहरूको प्रयोगका लागि आवश्यक विभिन्न तरिकाहरू पत्ता लगाउन प्रतिविम्वन (reflection) सत्रहरू<br>**शिक्षण-सामग्री**<br>• सन्देशमूलक लोककथा, उखान, भनाइ र उद्धरणहरू<br>**मूल्याङ्कन-प्रक्रिया**<br>• व्यक्तिगत/समूहका स्रोत-सामग्रीको अभिलेखका लागि निवेश-सूची (portfolio) मूल्याङ्कन फारम<br>• सहयोगात्मक सुधार र पेसागत अद्यावधिकताका लागि सहयोगी भावनाको व्यक्तिगत प्रतिविम्वन | | |

**अपेक्षित सक्षमता ३ : पेसागत क्षमताको विस्तार ( एक महिनाका लागि १५ घण्टा )**

| शिक्षकको पेसागत विकासका लागि अपेक्षित सक्षमताहरू | तालिमकेन्द्र आधारित तालिमको सक्षमता मापन आधार | विद्यालयमा आधारित तालिमको सक्षमता मापन आधार |
|---|---|---|
| **सक्षमता ३**<br>शिक्षकले अभिलेखीकरण(documentation), अन्तर्क्रिया (interactions), प्रतिविम्वन (reflection) र अनुसन्धान (research) का माध्यमद्वारा नेपाली भाषाशिक्षणमा पेसागत क्षमताको विकास गर्नेछन् ।<br>**विषयवस्तु**<br>*व्यक्तिगत उत्तरदायित्व र अपेक्षित-सिकाइका लागि अभिलेखीकरण*<br>• मौखिक घटना/इतिहासको अभिलेखीकरण<br>• पूर्वकार्यको समीक्षाका लागि अभिलेखीकरण<br>• अनुभवहरूको अभिलेखीकरण<br>• व्यक्तिगत र समूहगत अवस्था/घटनाहरूको अभिलेखीकरण<br>• पारस्परिक सूचनाको अभिलेखीकरण<br>• अनुभव, अन्तर्क्रिया र अवस्थाहरूको अभिलेखीकरणका लागि व्यक्तिगत र सामूहिक योजना<br>• नेपाली भाषाशिक्षणमा व्यक्तिगत उत्तरदायित्व र अपेक्षित सिकाइका लागि अभिलेखीकरणको उपयोग<br>*शिक्षासँग सरोकारवाला पक्षहरू (stakeholders) को ज्ञान र सीपहरूको प्रसार*<br>• समिति (panel) छलफल पद्धतिहरू<br>• अन्तर्क्रियात्मक सत्रहरूको सञ्चालनका तरिकाहरू<br>• शिक्षासँग सम्बद्ध विभिन्न व्यक्ति एवम् संस्थाहरूको ज्ञान र सीपको प्रसारका लागि व्यक्तिगत/समूहगत योजना<br>• नेपाली भाषाशिक्षण र सिकाइमा शिक्षासँग सरोकारवाला पक्षहरूको ज्ञान र सीपहरूको प्रसारको उपयोग<br>*कक्षागत अनुसन्धान*<br>• अनुसन्धानको प्रतिविम्वन (reflective) पद्धति | प्रत्येक शिक्षकले पूर्व-कार्यको समीक्षा, कक्षागत अनुभव, अन्तर्क्रिया र घटना/अवस्थाहरूको अभिलेखीकरणका लागि योजना निर्माण गर्नेछन् ।<br><br>शिक्षकले कक्षागत अनुसन्धानका लागि व्यक्तिगत/समूहगत रूपमा योजना तयार पार्नेछन् ।<br><br>शिक्षासँग सरोकार राख्ने विभिन्न पक्षसँग ज्ञान आदान-प्रदानका लागि योजना निर्माण गर्नेछन् ।<br><br>शिक्षणसिकाइसँग सम्बद्ध अनुसन्धानात्मक र त्यही प्रकृतिका कामहरू आपसमा मिली सम्पन्न गर्नेछन् ।<br><br>कक्षाकोठामा गरिने अनुसन्धान कार्यका लागि आवश्यक योजना निर्माण गर्नेछन् । | प्रत्येक शिक्षकले पूर्व-कार्यको समीक्षा, कक्षागत अनुभव, अन्तर्क्रिया र घटनाहरूको अभिलेख राख्नेछन् ।<br><br>शिक्षकले शिक्षासँग सरोकारवाला समूहबाट प्राप्त ज्ञान सीपको अभिलेख राखी त्यसलाई लागू गर्नेछन् ।<br><br>शिक्षकले कक्षाकोठागत अनुसन्धान सम्पन्न गर्नुका साथै अनुसन्धानको प्रक्रिया, पत्ता लागेका कुराहरू र अनुसन्धान पूर्वका हस्तक्षेप (intervention) हरूको अभिलेख राख्नेछन् ।<br><br>शिक्षकले शैक्षिक हस्तक्षेप, अनुसन्धानबाट पत्ता लागेका कुरा, ज्ञान, सीप आदिका अनुभवहरूको सूची तयार पार्नेछन् । छन् ।<br><br>शिक्षकले आफ्ना अनुभव, |

| | | |
|---|---|---|
| • कार्यमूलक अनुसन्धान/कक्षागत अनुसन्धान/ शिक्षकद्वारा गरिने अनुसन्धान/अनुभवमा आधारित अनुसन्धान<br>• भाषशिक्षणमा कार्यमूलक अनुसन्धान<br>■ बहुभाषिक कक्षाका समस्याहरू<br>■ भाषिक त्रुटि र विश्लेषण<br>■ शब्दभण्डारको विकास<br>■ अन्तर्भाषिक अवस्था र प्रभाव आदि ।<br>• विद्यार्थीद्वारा गरिने अनुसन्धान<br>• सामूहिक अनुसन्धान<br>• कक्षागत अनुसन्धानका लागि व्यक्तिगत र समूहगत योजना<br>• नेपाली भाषाशिक्षणमा कक्षागत र कार्यमूलक अनुसन्धानको प्रयोग<br>**शिक्षण-विधि**<br>• अवधारणात्मक स्पष्टताका लागि व्याख्यान र छलफल<br>• अभिलेखीकरण, छलफल र अनुसन्धानका विभिन्न पद्धतिहरूको पहिचानका लागि समूह-छलफल<br>**शिक्षण-सामग्री**<br>• अभिलेखीकरणका नमुनाहरू<br>• कक्षाकोठागत अनुसन्धानको नमुना<br>**मूल्याङ्कन-प्रक्रिया**<br>• कक्षाकोठागत अनुसन्धानका लागि व्यक्तिगत र समूह योजनाको अभिलेख<br>• पूर्वकार्यको समीक्षा (reviewed literature) कक्षाकोठाका अनुभवहरू, अन्तर्क्रियाहरू र विभिन्न समस्या र घटनाको अभिलेखीकरणका लागि व्यक्तिगत/समूहिकयोजनाको लेखन<br>• कक्षाकोठागत अनुसन्धानका लागि व्यक्तिगत/ समूहिकयोजनाको अभिलेख | | ज्ञान र सीपहरूलाई शिक्षासँग सरोकारवाला-हरू व्यक्तिहरूसँग आदान-प्रदान गर्नेछन् । |

अपेक्षित सक्षमता ४ :  कक्षाकोठामा ज्ञान र सीपहरूको प्रयोग ( एक महिनाका लागि १० घण्टा )

| शिक्षकको पेसागत विकासका लागि अपेक्षित सक्षमताहरू | तालिमकेन्द्र आधारित तालिमको सक्षमता मापन आधार | विद्यालयमा आधारित तालिमको सक्षमता मापन आधार |
|---|---|---|
| **सक्षमता ४**<br>शिक्षकले वातावरणगत (सन्दर्भगत), स्थानीय, राष्ट्रिय र वैश्विक ज्ञानलाई हस्तान्तरण र प्रयोग गर्ने आफ्नो क्षमतालाई सुदृढ पारी नेपाली भाषाशिक्षण शिक्षणसिकाइमा त्यसको प्रयोग गर्नेछन् ।<br>**विषयवस्तु**<br>*वातावरणगत ( सन्दर्भगत ), स्थानीय, राष्ट्रिय र विश्वव्यापी ज्ञान र सीपहरूको उत्पादन र प्रसार गर्ने तरिकाहरू*<br>• मौखिक इतिहासको सङ्कलन<br>• तथ्याङ्क विश्लेषण<br>• अध्ययनबाट पत्ता लागेका निष्कर्षहरूको विश्लेषण<br>• पुस्तक समीक्षा<br>• अवलोकन र अन्तर्क्रिया<br>• स्वीकार्यमूलक (Appreciative) अनुसन्धान<br>• आलोचनात्मक अनुसन्धान<br>• समस्या-प्रस्तुति सीपहरू<br>• मूल्य/विश्वासहरूको पहिचानको सीप<br>• नेपाली भाषाशिक्षणमा ज्ञानार्जन र प्रसारण तथा हस्तान्तरणका तरिकाहरूको उपयोग<br>*वातावरणगत (सन्दर्भगत) स्थानीय, राष्ट्रिय र विश्वव्यापी ज्ञान र सीपहरूलाई कक्षाकोठामा प्रयोग गर्ने तरिकाहरू*<br>• विभिन्न स्रोतहरूबाट ज्ञान र सीपहरू प्राप्त गर्ने तरिकाहरू<br>• सन्दर्भगत सीपहरू<br>• स्थानीयकरणका सीपहरू<br>• विश्वव्यापीकरणका सीपहरू<br>• स्थानीय र विश्वव्यापीकरणका सीपहरूको सिर्जनात्मक प्रयोग<br>• राष्ट्रिय र अन्तर्राष्ट्रिय समस्याहरूको स्थानीयस्तरमा समाधान गर्ने सीपहरू | शिक्षकले शिक्षण-सिकाइ प्रक्रियाका समयमा बाभि्कने वैज्ञानिक र मिथकीय ज्ञानको द्वन्द्वयुक्त र मिलनयुक्त अवस्थाको सूची तयार पार्नेछन् ।<br><br>प्रत्येक शिक्षकले कक्षाकोठाको ज्ञान, सीपको वैश्वीस्थानीकरण (glocalization) का लागि यिोजना निर्माण गर्नेछन् ।<br><br>शिक्षकले कक्षाशिक्षणका लागि आवश्यक आफ्ना क्षेत्रको रुचिपूर्ण विषयवस्तुको व्यक्तिगत/समूहमा सूची तयार पारी प्रस्तुत गर्नेछन् । | प्रत्येक शिक्षकले कक्षा-शिक्षणका क्रममा आउने मिथकीय र वैज्ञानिक ज्ञानको अभिलेख राख्नेछन् ।<br><br>शिक्षकले पाठ्यपुस्तक पाइने वैश्वीस्थानीकरणको ज्ञान/सीपहरूको योजना-लाई कक्षाकोठामा लागू गर्नेछन् ।<br><br>शिक्षकले वैश्विस्थानीय-करणको प्रक्रियाबाट प्राप्त राम्रा र नराम्रा अनुभव-हरूलाई अभिलिखित गर्नेछन् ।<br><br>शिक्षकले शिक्षणको विषयवस्तुगत पद्धति (Subjective Approach) बाट प्राप्त सकारात्मक र नकारात्मक अनुभवहरूको अभिलेख राख्नेछन् ।<br><br>शिक्षकले आफूले प्राप्त गरेका अनुभव ज्ञान र सीपहरूलाई शिक्षासँग सरोकारवाला समूहसँगका व्यक्तिसँग छलफल र आदान-प्रदान गर्नेछन् । |

| | | |
|---|---|---|
| • शारीरिक यातनाको अन्त्य गर्ने विभिन्न तरिकाहरू<br>• शिक्षणको विषयगत पद्धति<br>• वातावरणगत, स्थानीय, राष्ट्रिय र विश्वव्यापी रूपमा प्राप्त ज्ञान र सीपहरूलाई नेपाली भाषाशिक्षण र सिकाइमा उपयोग<br>**शिक्षण-विधि**<br>• व्यक्तिगत र समूहगत रूपमा मस्तिष्क-मन्थन (brainstorming)<br>• मूल्य निरूपण/स्पष्टीकरण (clarification) सत्रहरू<br>• विभिन्न सन्दर्भमा आधारित व्याख्यान सत्रहरू<br>• कक्षाकोठाको वैश्वि-स्थानीकरण (glocalization) र सन्दर्भगत ज्ञान/सीपहरूको प्रयोगात्मक सत्रहरू<br>**शिक्षण-विधि**<br>• सन्देशमूलक (artifacts) सांस्कृतिक कथा, कविता, गीत, निबन्ध आदि<br>• पुराकथा (myth) र तथ्यहरूको सङ्कलन<br>**मूल्याङ्कन-प्रक्रिया**<br>• व्यक्तिगत र समूहगत क्षमता प्रदर्शनको अभिलेख<br>• कक्षाकोठाको वैश्वि-स्थानीकरण (glocalization) ज्ञान/सीपहरूको व्यक्तिगत र समूहगत योजना निर्माणको गुणस्तर / स्तरीयता<br>• ज्ञान र सीपहरूलाई कक्षाकोठामा लागू गर्ने क्रममा शिक्षक विशेषको रचनात्मक / सिर्जनात्मक पक्ष र त्यसको प्रस्तुति । | | |

**अपेक्षित सक्षमता ५ : शैक्षणिक क्रियाकलापहरूको योजना र रूपरेखा**

**( एक महिनाका लागि १५ घण्टा )**

| शिक्षकको पेसागत विकासका लागि अपेक्षित सक्षमताहरू | तालिमकेन्द्र आधारित तालिमको सक्षमता मापन आधार | विद्यालयमा आधारित तालिमको सक्षमता मापन आधार |
|---|---|---|
| **सक्षमता ५**<br>शिक्षकले शैक्षणिक र शैक्षिक योजना र शिक्षण सामग्रीका विषयमा आफ्नो क्षमताको विकास र सुदृढीकरण गरी नेपाली भाषाशिक्षणमा त्यसको प्रयोग गर्नेछन् । | शिक्षकले शिक्षा नीति र योजनाको मूल्याङ्कन व्यक्तिगत र समूहगत रूपमा गर्नेछन् । | प्रत्येक शिक्षकले कक्षाकोठामा वैयक्तिक शिक्षणका लागितयार पारेको योजना लागू |

| | | |
|---|---|---|
| विषयवस्तु | | गर्नेछन् । |
| *शिक्षानीति र योजनाहरूको मूल्याङ्कन र समीक्षा*<br>• विषयवस्तुमुखी पद्धति (thematic approach)<br>• सामाजिक पद्धति<br>• राजनीतिक पद्धति<br>• आर्थिक पद्धति<br>• भाषानीति र भाषायोजना<br>• विभिन्न भाषाभाषीको विकाससम्बन्धी नीति र योजनाहरू<br>• भाषाशिक्षणमा योजना<br>• वार्षिक योजना, एकाइ योजना र पाठयोजना<br>• समुदायको मागमा आधारित पद्धति(clientele approach)<br>• अन्तर्मिश्रित पद्धति (integrated approach)<br>• नेपाली भाषाशिक्षणमा विभिन्न नीति र योजनाहरूको प्रयोग | शिक्षकले पाठ्य सामग्री (curricular materials) लाई विभिन्न उद्देश्यले समीक्षा गर्नका लागि सूचकाङ्क र सूचकहरूको निर्माण गर्नेछन् ।<br><br>शिक्षकले शिक्षा नीति र योजनाहरूको मूल्याङ्कन गरी व्यक्तिगत/समूहगत प्रतिवेदन तयार पार्नेछन् । | शिक्षकले स्थानीय स्तरमा प्राप्त हुने शिक्षानीति र योजनाहरूलाई सामाजिक, आर्थिक, वैयक्तिक आदि विविध प्रयोजनका सन्दर्भमा गरिएको प्रयोगको विश्लेषण गर्नेछन् ।<br><br>शिक्षकले विद्यालयीय प्रदर्शनीका ढाँचामा स्थानीयस्तरमा प्राप्त शिक्षण-सामग्रीको सङ्कलन, व्यवस्थापन र प्रयोग गर्नेछन् । |
| *पाठ्यसामग्रीहरूको समीक्षा र मूल्याङ्कन*<br>• सामान्य एवम् शिक्षाविशेषसँग सम्बद्ध सूचक र सूचकाङ्कको विकास ( लैङ्गिक, जातिगत, जनतातिगत, क्षेत्रीयता, अपाङ्गता, धार्मिक, बालमजदुर, भाषागत आदि )<br>• पाठ्यवस्तु - विश्लेषण विधि<br>• भाषिकसीप सिकाइविकास-तालिकाको निर्माण<br>• नेपाली भाषापाठ्यपुस्तक, पाठ्यक्रम, सह-पाठ्यक्रम, अतिरिक्त पाठ्यक्रम र सन्दर्भ सामग्रीहरूको उपायोग र दुरूपयोग<br>• नेपाली भाषाशिक्षण र सिकाइमा यी सामग्रीहरूको प्रयोग | पाठ्यसामग्रीहरूको मूल्याङ्कन गरी व्यक्तिगत /समूहगत रूपमा प्रतिवेदखन लेख्नेछन् । | शिक्षकले शिक्षण प्रक्रिया र अनुभव/प्राप्त शिक्षालाई लिखित रूपमा राख्नेछन् । |
| *शैक्षिक र शैक्षणिक सामग्रीहरूको सङ्कलन, प्रदर्शन र व्यवस्थापन*<br>• भाषा शिक्षणमा उपयोगी विभिन्न किसिमका शिक्षण सामग्रीको सङ्कलन र तयारी<br>• सामग्रीको विकासका सिर्जनात्मक र मौलिक तरिकाहरू<br>• सामग्री प्रदर्शनका विधिहरू<br>• भाषाशिक्षणमा सामग्री व्यवस्थापनका तरिकाहरू<br>• शिक्षण-सामग्रीको भण्डारण र व्यवस्थापन<br>• नेपाली भाषाशिक्षण-सिकाइमा सामग्रीको सङ्कलन, निर्माण, व्यवस्थापन र प्रदर्शन | शिक्षकले पाठ्यपुस्तक, पाठ्यक्रम, सह-पाठ्यक्रम, अतिरिक्त पाठ्यक्रम र सन्दर्भ सामग्रीहरूको सदुपयोग र दुरूपयोगका बारेमा व्यक्तिगत र समूहगत रूपमा सूची तयार पार्नेछन् ।<br><br>शिक्षकले शैक्षणिक | शिक्षकले आफूले प्राप्त गरेका अनुभव, ज्ञान र सीपहरूलाई शिक्षासँग सरोकारवालाहरूका बीचमा आदान-प्रदान गर्नेछन् । |

| | | |
|---|---|---|
| *समूह र वैयक्तिक सिकाइका लागि शैक्षणिक योजना*<br>• अनियमित विद्यार्थीका लागि भाषिक सीपविकासका समूहगत र वैयक्तिक शैक्षणिक योजना<br>• विभिन्न भाषिकक्षमता र रुचि भएका शिक्षार्थीका लागि समूहगत र व्यक्तिगत शैक्षणिक योजना<br>• विभिन्न क्षमता र रुचि भएका शिक्षार्थीका लागि समूहगत र व्यक्तिगत सिकाइका लागि योजना<br>• समूहगत र व्यक्तिगत शिक्षणका लागि बनाइएका शैक्षणिक योजनाहरूलाई नेपाली भाषाशिक्षणमा उपयोग<br>**शिक्षण-विधि**<br>• तार्किक ढाँचाका आधारमा शिक्षण<br>• अभिनयात्मक शिक्षण / अभिनय विधिको उपयोग<br>• व्याख्यान र छलफल<br>**शिक्षण-सामग्री**<br>• शिक्षा नीतिसँग सम्बद्ध सामग्रीहरू<br>• शिक्षा-योजनाहरू<br>• नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका र तालिम पुस्तिकाहरू<br>• तार्किक ढाँचाको उदाहरण<br>**मूल्याङ्कन-प्रक्रिया**<br>• व्यक्तिगत/समूहगत क्षमता प्रदर्शनको अभिलेख<br>• शिक्षण र शैक्षणिक योजना र पाठ्यक्रमसँग सम्बद्ध सामग्रीहरूको मूल्याङ्कनका लागि व्यक्तिगत र समूहगत प्रस्तुतिको गुणस्तर | सामग्रीहरूको सङ्कलन र व्यवस्थापन गरी तिनलाई प्रदर्शनीका रूपमा प्रस्तुत गर्नेछन् ।<br><br>शिक्षकले विभिन्न क्षमता, रुचि र आवश्यकता भएका शिक्षार्थीहरूका लागि आवश्यक व्यक्तिगत शैक्षणिक क्रियाकलाप व्यक्तिगत / समूहगत रूपमा तयार पार्नेछन् ।<br><br>शिक्षकले कक्षाशिक्षणका लागि आवश्यक पाठ-योजना व्यक्तिगत रूपमा तयार पार्नेछन् । | |

**अपेक्षित सक्षमता ६ : सञ्चार र सङ्गठन ( एक महिनाका लागि १० घण्टा )**

| शिक्षकको पेसागत विकासका लागि अपेक्षित सक्षमताहरू | तालिमकेन्द्र आधारित तालिमको सक्षमता मापन आधार | विद्यालयमा आधारित तालिमको सक्षमता मापन आधार |
|---|---|---|
| **सक्षमता ६**<br>शिक्षकले नेपाली भाषाशिक्षणका लागि आवश्यक सञ्चार र सङ्गठन सीपहरूको विकास र सुदृढीकरण गर्नेछन् ।<br><br>**विषयवस्तु** | शिक्षकले सञ्चार सीपहरूको विकास र सुदृढीकरणका लागि आवश्यक कार्यढाँचा व्यक्तिगत र समूहगत | प्रत्येक शिक्षकले आफ्नो सबै कार्यढाँचा लागू गर्नेछन् र प्राप्त अनुभवको अभिलेख राख्नेछन् । |

| | | |
|---|---|---|
| *स्व-निर्देशित विद्यार्थीहरूका लागि सक्रिय सिकाइ*<br>• भाषिक सीपको विकासमा सक्रिय र निष्क्रिय शिक्षार्थीहरू<br>• भाषाशिक्षणका सक्रिय र निष्क्रिय सिकाइका तरिकाहरू<br>• भाषिक सीपविकासमा सक्रिय सिकाइका लागि उत्प्रेरणाका तरिकाहरू<br>• सक्रिय र निष्क्रिय सिकाइको नेपाली भाषा-शिक्षणमा प्रयोग | रूपमा तयार पार्नेछन् ।<br><br>शिक्षकले विद्यालय सङ्गठनको विकास र सुदृढीकरणका लागि व्यक्तिगत र समूहगत रूपमा आवश्यक कार्यढाँचा तयार पार्नेछन् । | प्रत्येक शिक्षकले विद्यार्थीको सिकाइ प्रक्रियाका आधारमा सक्रिय र निष्क्रिय शिक्षार्थीको पहिचान गर्नेछन् । |
| *सामाजिक परिचालन*<br>• भाषिक सञ्चारका पद्धतिहरू<br>• तार्किक प्रस्तुतीकरणका पद्धतिहरू र भाषाशिक्षण<br>• सामाजिक परिचालनका पद्धतिहरू<br>• विद्यालयबाट सम्बद्ध पक्षले राख्ने अपेक्षा र सम्बन्धलाई सुनिश्चित गर्ने पद्धतिहरू<br>• नेपाली भाषाशिक्षण र सिकाइमा सामाजिक परिचालनको प्रयोग | शिक्षकले विद्यालयदेखि राष्ट्रिय स्तरसम्मका विभिन्न स्तरमा शैक्षिक नेतृत्वको विकास र सुदृढीकरणका लागि व्यक्तिगत र समूहगत रूपमा कार्यढाँचा तयार पार्नेछन् । | शिक्षकले केही सक्रिय र निष्क्रिय विद्यार्थीहरूका शैक्षिक आवश्यक विभिन्न पक्षहरूको पहिचान गर्नेछन् । |
| *शैक्षिकनेतृत्वको ग्रहण र हस्तान्तरण*<br>• नेतृत्व विकासको पद्धति<br>• नेतृत्व ग्रहण गर्ने पद्धति<br>• नेतृत्व हस्तान्तरणको तरिका<br>• निर्णयक्षमताको निर्माण<br>• नेपाली भाषाशिक्षण-सिकाइमा नेतृत्व ग्रहण र हस्तान्तरणको प्रयोग | शिक्षकले शिक्षासँग सरोकार राख्ने विभिन्न संस्था र व्यक्तिको आवश्यकताहरूलाई ध्यान दिई पुस्तकालय/स्रोतकेन्द्रको विकास र सुदृढीकरणका लागि आवश्यक कार्यढाँचा तयार पार्नेछन् । | शिक्षकले कक्षाकोठामा नेतृत्व लिने व्यक्तिको अवलोकन गरी अभिलेख राख्नेछन् । ( नेतृत्व कसले लियो ? कुनै एक विद्यार्थीले किन नेतृत्व ग्रहण गऱ्यो ? अरू विद्यार्थीले नेतृत्व ग्रहण नगर्नुको कारण के हो ? ) |
| *पुस्तकालय/स्रोतकेन्द्र व्यवस्थापन*<br>• पुस्तकालय/स्रोतकेन्द्रको संरचना<br>• विभिन्न स्तरको सिकाइक्षमता भएका शिक्षार्थीहरूका लागि पुस्तकालय र स्रोतकेन्द्रको व्यवस्थापन/सुदृढीकरणका तरिकाहरू<br>• भाषाशिक्षणका लागि उपयोगी सामग्री र तिनको उपयोग<br>• नेपाली भाषाशिक्षण र सिकाइमा पुस्तकालय/स्रोतकेन्द्रको उपयोग<br>**शिक्षण-विधि**<br>• सञ्चार, सङ्गठन र नेतृत्व आदिको अवधारणा-सम्बन्धी आदान-प्रदानका लागि सिकाइ<br>• व्यक्तिगत र समूहगत रूपमा मस्तिष्क-मन्थन<br>**शिक्षण-सामग्री**<br>• नेतृत्वग्रहण र हस्तान्तरणका लागि जीवनका | | |

| | | |
|---|---|---|
| विविध क्षेत्रका विशिष्ट व्यक्तित्त्वहरूको सूची<br>• सामाजिक परिचालन र पुस्तकालय/स्रोतकेन्द्र व्यवस्थापनका विभिन्न उदाहरणहरूको पाठपत्र<br>• सञ्चारको सांस्कृतिक पद्धतिको सूची<br>**मूल्याङ्कन-प्रक्रिया**<br>• व्यक्तिगत र समूहगत क्षमता-प्रदर्शनको अभिलेख<br>• व्यक्तिगत र समूह-कार्यको गुणस्तर | | |

**अपेक्षित सक्षमता ७ : सिकाइ सहजीकरणका सीपहरू ( एक महिनाका लागि १० घण्टा )**

| शिक्षकको पेसागत विकासका लागि अपेक्षित सक्षमताहरू | तालिमकेन्द्र आधारित तालिमको सक्षमता मापन आधार | विद्यालयमा आधारित तालिमको सक्षमता मापन आधार |
|---|---|---|
| **सक्षमता ७**<br>शिक्षकले सिकाइ सहजीकरणका सीपहरूको विकास र सुदृढीकरण गरी नेपाली भाषाशिक्षणमा त्यसको प्रयोग गर्नेछन् ।<br>**विषयवस्तु**<br>*अन्तरविषयक (inter subject) र विषयविशेष (intra subject) का बीचका सम्बन्धगत सीपहरू*<br>• अन्तरविषयक र विषयविशेष सम्बन्धका मूलपक्षहरूको पहिचान<br>• साधारणीकरण ( सामान्यीकरण ) र विभिन्नीकरणका सीपहरू<br>• अन्तरविषयक र विषयविशेषगत सम्बन्धको नेपाली भाषाशिक्षण र सिकाइमा उपयोग<br>*सहभागितामूलक शिक्षण र सिकाइका निम्ति स्वर (voice) नियमहरू*<br>• आदान स्वरनियम<br>• प्रदान स्वरनियम<br>• बहुस्वरहरूबाट उत्पत्ति हुने सकारात्मक पक्षहरूका विविध तरिकाहरू<br>• नेपाली भाषाशिक्षण र सिकाइका लागि स्वर नियमहरूको उपयोग<br>*विभिन्न किसिमका कक्षाहरूको व्यवस्थापन र कक्षाकोठामा सञ्चार र प्रविधिको प्रयोग*<br>• ठूलो कक्षाकोठाको व्यवस्थापन<br>• सानो कक्षाकोठाको व्यवस्थापन<br>• विभिन्न उमेर-समूह र क्षमता भएका | शिक्षकले व्यक्तिगत / समूहगत रूपमा अन्तर-विषयगत र विषयभित्रका सम्बन्ध क्षेत्र पत्ता लगाई त्यसको सूची तयार पार्नेछन् ।<br><br>शिक्षकले तालिम अवधिको समयको स्वरनियमहरूको आदान-प्रदान प्रक्रिया निर्माण गर्नेछन् ।<br><br>प्रचलित शिक्षकले स्वर-नियमको पहिचान गर्नेछन् र शिक्षण-सिकाइमा प्रयोग गर्ने आधार तयार पार्नेछन् ।<br><br>शिक्षकले प्रचलनमा रहेका सञ्चार/प्रविधिको पहिचान गरी शिक्षण- | प्रत्येक शिक्षकले कार्य-ढाँचा लागू गर्नेछन् र प्राप्त अनुभवको अभिलेख राख्नेछन् ।<br><br>शिक्षकले शिक्षण-सिकाइमा प्रभावकारी रहेका प्रचलित सञ्चार / प्रविधिको पहिचान गर्नेछन् ।<br><br>शिक्षकले आफूले प्राप्त गरेको शिक्षा र अनुभवको अभिलेख राख्नेछन् ।<br><br>शिक्षकले शिक्षासँग सरोकारवाला अन्य पक्षसँग आफ्नो अनुभव, ज्ञान र सीपका बारेमा छलफल गर्नेछन् । |

| | | |
|---|---|---|
| विद्यार्थीहरूको व्यवस्थापन<br>• विभिन्न भाषा एवम् भाषिका-समूहका विद्यार्थीहरूको व्यवस्थापन<br>• विभिन्न जातजातिका विद्यार्थीहरूको व्यवस्थापन<br>• अपाङ्ग विद्यार्थीको व्यवस्थापन<br>• बालश्रमिक र घरेलु कामदार विद्यार्थीको व्यवस्थापन<br>• विभिन्न सिकाइ-संस्कृति र शैलीका विद्यार्थीको व्यवस्थापन<br>• विभिन्न किसिमका कक्षाकोठामा उच्च प्रविधि कम्प्युटर, ओभरहेड, टेलिफोन-लगायत विद्युतीय सञ्चारको व्यवस्थापन र प्रयोग<br>• नेपाली भाषाशिक्षण र सिकाइका लागि सञ्चार/प्रविधिको उपयोग<br>**शिक्षण-विधि**<br>• प्रशिक्षार्थीहरूका बीचमा स्वर-नियमको आदान-प्रदानको विकास<br>• पाँच मिनेटमा व्यक्तिगत आदान-प्रदान<br>• विषयगत सम्बन्धको आदान-प्रदान र प्रस्तुतीकरणका लागि महत्त्वपूर्ण पक्षहरूको पहिचान<br>• सशक्त सम्बन्धको प्रस्तुतिका लागि विषय-विशेषका सम्बन्धगत सूचीहरूको निर्माण<br>• विषयवस्तुगत सम्बन्धका बारेमा अनुभव आदान-प्रदान<br>• कक्षाकोठाको बहुविधताको सम्बोधन गर्दै विद्युतीय सञ्चार र प्रविधिको प्रयोगका लागि व्यक्तिगत र समूहगत नमुना योजनाहरूको प्रयोग<br>**शिक्षण-सामग्री**<br>• एक-अर्कामा सम्बन्धित विषयवस्तुको प्रस्तुति भएका पाठपत्रहरू । उदाहरणका लागि विकास सिद्धान्त र हिन्दू पुराकथाको अवतार सम्बन्ध<br>• कक्षाकोठाको बहुविधताको सम्बोधन हुने किसिमका सञ्चार र प्रविधिका उपयुक्त साधनहरूको सूची<br>**मूल्याङ्कन-प्रक्रिया**<br>• व्यक्तिगत र समूहगत क्षमता-प्रदर्शनको अभिलेख<br>• कक्षाकोठामा सञ्चार/प्रविधिको प्रयोगका लागि | सिकाइमा त्यसको प्रयोग कसरी गर्न सकिन्छ भन्ने कुरा समेत पत्ता लगाउनेछन् ।<br><br>शिक्षकले कक्षाकोठामा पाइने विभिन्न प्रकारका विविधताको संयोजनका लागि सञ्चार/प्रविधिको प्रयोग गर्ने कार्यढाँचा व्यक्तिगत / समूहगत रूपमा तयार पार्नेछन् । | |

| | | |
|---|---|---|
| बनाइएको व्यक्तिगत/समूहगत योजनाको गुणस्तर | | |

**अपेक्षित सक्षमता ८ : अन्तर व्यक्तिगत र व्यक्तिगत व्यवहार ( एक महिनाका लागि १३ घण्टा )**

| शिक्षकको पेसागत विकासका लागि अपेक्षित सक्षमताहरू | तालिमकेन्द्र आधारित तालिमको सक्षमता मापन आधार | विद्यालयमा आधारित तालिमको सक्षमता मापन आधार |
|---|---|---|
| **सक्षमता ८**<br>शिक्षकले विद्यार्थीहरूलाई मनोवैज्ञानिक रूपमा सम्बोधन गर्ने क्षमताको विकास र सुदृढीकरण गरी त्यसलाई नेपाली भाषाशिक्षणमा प्रयोग गर्नेछन् ।<br>**विषयवस्तु**<br>*व्यवहार-अवलोकन र विश्लेषण सीपहरू*<br>• व्यवहार-अवलोकन फारमको नमुना र प्रयोग<br>• कक्षाकोठा अवलोकन फारम र प्रयोग<br>• कक्षा-क्रियाकलापहरूको विश्लेषण विधि<br>• नेपाली भाषाशिक्षण र सिकाइमा व्यवहार-अवलोकन र विश्लेषण सीपहरूको प्रयोग<br>*शिक्षक र विद्यार्थीहरूको सामर्थ्य (Potencialities) का साथै कमजोरी (deficiencies) को पहिचान*<br>• शिक्षक, विद्यार्थी र अभिभावकहरूको सामर्थ्य पत्ता लगाउने तरिकाहरू<br>• कमजोरी पत्ता लगाउने तरिकाहरू<br>• उच्चता (superior) र हीनता (inferior) ग्रन्थिहरूको पहिचानका पद्धतिहरू<br>• नेपाली भाषाशिक्षण र सिकाइमा विद्यार्थी र शिक्षकका सामर्थ्य र कमजोरीको पहिचान र प्रयोग<br>*मध्यस्थता (mediation) र सहजीकरणका सीपहरू*<br>• बहुविधताको प्रदर्शनका पद्धतिहरू<br>• सामर्थ्य र कमजोरीलाई सम्बोधन गर्ने तरिकाहरू<br>• उच्चता ग्रन्थि र हीनता ग्रन्थिको व्यवस्थापन गर्ने तरिकाहरू<br>• अग्र (further) सिकाइ र व्यवहारका लागि विद्यार्थीहरूलाई सहभागी गराउने सीपहरू<br>• पुरस्कार र दण्डको प्रयोग<br>• निर्देशन (direction) को प्रत्यक्ष | शिक्षकले व्यक्तिगत/समूहगत रूपमा विद्यार्थी, अभिभावक र शिक्षकहरूसँग संवेदशील ढङ्गले व्यवहार गर्ने आधारहरूको सूची तयार पार्नेछन् ।<br><br>प्रत्येक शिक्षकले एक-अर्काको आन्तरिक र अन्तर-वैयक्तिक व्यवहारको अवलोकन गर्नेछन् । वर्तमानको व्यवहारको विश्लेषण गरी प्रतिवेदन तयार पार्नेछन् ।<br><br>प्रत्येक शिक्षकले व्यक्तिगत सामर्थ्य र कमजोरीको सूची तयार पारी प्रशिक्षार्थीहरूका बीचमा छलफल गर्नेछन् ।<br><br>आन्तरिक र एकआपसका व्यवहारसँग सम्बन्धित मध्यस्थता र सहजतागत विविधताका बारेमा व्यक्तिगत र समूहगत रूपमा योजना तयार पार्नेछन् । | प्रत्येक शिक्षकले आफ्नो योजना लागू गर्नेछन् र प्राप्त अनुभवको अभिलेख राख्नेछन् ।<br><br>प्रत्येक शिक्षकले आफ्नो विद्यालयका शिक्षक, विद्यार्थी र अभिभावकहरूको सामर्थ्य र कमजोरीको पहिचान गर्नेछन् ।<br><br>शिक्षकले मध्यस्थता र सहजीकरण पद्धतिको सूची बनाउनेछन् र त्यसले शिक्षासँग सरोकारवाला विद्यार्थी, शिक्षक र अभिभावकसँगको व्यवहारमा काम गऱ्यो गरेन भन्ने विषयमा प्रतिवेदन तयार पार्नेछन् ।<br><br>शिक्षकले आफूले प्राप्त गरेका अनुभव, ज्ञान र सीपहरूलाई शिक्षासँग सरोकारवाला पक्षसँग आदान-प्रदान गर्नेछन् । |

| | | |
|---|---|---|
| (obstructive) र अप्रत्यक्ष (unobstructive) पद्धति<br>• निर्देशन (guidence) र परामर्श (counseling) का सीपहरू<br>• मध्यस्थता, सहजीकरण, निर्देशन र परामर्शका लागि नीतिशास्त्रीय आधार<br>• भाषाशिक्षणमा मध्यस्थता र सहजीकरणका सीपहरूको उपयोग<br>*अन्तर-वैयक्तिक व्यवहार (dealing)*<br>• सहनशीलता/सहिष्णुताको प्रदर्शन गर्ने तरिकाहरू<br>• भाषिक प्रस्तुतीकरणमा सरलता र नम्रता<br>• शिक्षक, विद्यार्थी र अभिभावकसँगको व्यवहारका विभिन्न तरिकाहरू<br>• अनुशासित कक्षा सञ्चालनका तरिकाहरू<br>• नेपाली भाषाशिक्षण-सिकाइमा अन्तर-वैयक्तिक व्यवहारको प्रयोग<br>**शिक्षण-विधि**<br>• प्रशिक्षार्थीहरूको व्यक्तिगत व्यवहारको अवलोकन र अभिलेख<br>• अवलोकित व्यवहारको प्रस्तुतीकरण र विश्लेषण<br>• प्रशिक्षार्थी-शिक्षकको अन्तर-वैयक्तिक (inter personal) र व्यक्तिगतस्तर (intra pesonal) को व्यवहार, निर्देशन र परामर्शका बारेमा व्यक्तिगत अनुभवको आदान-प्रदान<br>• आपसी र व्यक्तिगत स्तरमा प्रदर्शन हुने व्यवहारका विषयमा आपसी समझदारीसँग सम्बन्धित प्रतिवेदन<br>• अन्तर-वैयक्तिक र वैयक्तिकस्तरका संवेदशील क्षेत्रहरूको पहिचान<br>• विद्यार्थी, शिक्षक र अभिभावक विशेष वा समूहका संवेदनशील व्यवहार पहिचान गरी सम्बोधन गर्नका लागि छलफल<br>• विद्यार्थी, अभिभावक र शिक्षकहरूसँग संवेदशील ढङ्गले व्यवहार गर्ने विषयमा व्यक्तिगत र समूहगत योजना<br>**शिक्षण-सामग्री**<br>• लिङ्गीय, जातीय, जनजातीय, भाषिक, बालश्रमिक, अपाङ्गता, स्थानगत, संस्कृतिगत, | | शिक्षकले आफूले प्राप्त गरेको शिक्षाको टिपोट गर्नेछन् । |

| | | |
|---|---|---|
| बसाइगत अवस्थासँग सम्बद्ध शब्दहरू र वाक्यहरूको सूची<br>**मूल्याङ्कन-प्रक्रिया**<br>• अन्तर-वैयक्तिक र व्यक्तिगत व्यवहारमा व्यक्तिगत र समूहगत प्रस्तुतिको अभिलेख<br>• विभिन्न पृष्ठभूमि भएका विद्यार्थी, अभिभावक र शिक्षकहरूको संवेदनशील व्यवहारका विषयमा तयार पारिएको व्यक्तिगत/समूहगत योजनाको गुणस्तर | | |

**अपेक्षित सक्षमता ९ : मानव अधिकारको रक्षाका लागि शैक्षिक प्रक्रिया**
**( एक महिनाका लागि १० घण्टा )**

| शिक्षकको पेसागत विकासका लागि अपेक्षित सक्षमताहरू | तालिमकेन्द्र आधारित तालिमको सक्षमता मापन आधार | विद्यालयमा आधारित तालिमको सक्षमता मापन आधार |
|---|---|---|
| **सक्षमता ९**<br>शिक्षकले मानव अधिकारको रक्षाका लागि शिक्षण-प्रक्रियामा यसलाई लागू गर्ने क्षमताको विकास गर्नेछन् ।<br>**विषयवस्तु**<br>*विविध सामाजिक समूहका अधिकार र कानुनी प्रावधान (legal provision) हरू*<br>• बालिका र महिला शिक्षासम्बन्धी अधिकार र कानुनी व्यवस्था<br>• दलित शिक्षासम्बन्धी अधिकार र कानुनी व्यवस्था<br>• पछिपरेका समुदाय/सुविधाबाट बञ्चित समुदाय (indigenous peoples') को शिक्षासम्बन्धी अधिकार र कानुनी व्यवस्था<br>• भाषिक अधिकार र कानुनी व्यवस्था<br>• बालमजदुरको शिक्षासम्बन्धी अधिकार र कानुनी व्यवस्था<br>• दलित, महिला र अपाङ्गको शिक्षासम्बन्धी अधिकार र कानुनी व्यवस्था<br>• विविध सामाजिक समूहका शिक्षासम्बन्धी अधिकार र कानुनी व्यवस्थाको नेपाली भाषाशिक्षण र सिकाइमा उपयोग | शिक्षकले बालकको शिक्षा-सम्बन्धी अधिकारको सूचना तयार पार्नेछन् ।<br><br>शिक्षकले शिक्षणमा शान्तिको सिद्धान्तका लागि आवश्यक योजना तयार पार्नेछन् ।<br><br>शिक्षकले आफ्नो विद्यालय क्षेत्रका शिक्षाको पहुँच नपुगेका र बिचैमा विद्यालय छाडेका विद्यार्थीको शिक्षालाई सुनिश्चित गर्न आवश्यक योजना निर्माण गर्नेछन् । | प्रत्येक शिक्षकले आफ्नो योजना लागू गर्नेछन् र प्राप्त अनुभवको अभिलेख राख्नेछन् ।<br><br>शिक्षकले विविध सामाजिक समूहहरूका अधिकारको सांस्कृतिक प्रत्याभूति (culturally granted) को पहिचान गर्नेछन् ।<br><br>शिक्षकले अधिकारहरूको सांस्कृतिक प्रत्याभूति र वर्तमान कानुनी प्रावधानको तुलनात्मक तालिका ( चार्ट ) तयार पार्नेछन् । |

| | | |
|---|---|---|
| *शिक्षामा शान्तिको सिद्धान्त*<br>• भाषाशिक्षण र भाषिक व्यवहारमा सक्रिय शान्तिको सिद्धान्त (active peace approach)<br>• भाषाशिक्षण र भाषिक व्यवहारमा निष्क्रिय शान्ति (passive peace)<br>• भाषाशिक्षणमा सामाजिक न्यायको सिद्धान्त<br>• भाषाशिक्षणको आधुनिक (modern) र उत्तरआधुनिक (postmodern) सिद्धान्त<br>• भाषाशिक्षणको खुला र बन्द (open & close) सिद्धान्त<br>• आम शिक्षा (mass education) का लागि द्वैध (dual) प्रणाली<br>• मनोरञ्जनात्मक / आल्हादपूर्ण (joyful) सिकाइको सुनिश्चितताको सिद्धान्त<br>• नेपाली भाषाशिक्षण-सिकाइमा शान्तिपूर्ण शिक्षाको सिद्धान्तको प्रयोग<br>**शिक्षण-विधि**<br>• व्याख्यान र छलफल<br>• शिक्षामा बालअधिकारसम्बन्धी राष्ट्रिय र अन्तरराष्ट्रिय महासन्धि, प्रतिबद्धता र प्रस्ताव, (conventions, commitments & resolutions) तथा भाषिक अधिकार र भाषिक मृत्युका विषयमा आ-आफ्नो समझ आदान-प्रदान गरी तिनको पहिचानका लागि व्यक्तिगत/समूहकार्य<br>**शिक्षण-सामग्री**<br>• अन्तरराष्ट्रिय महासन्धि, सन्धि र प्रस्तावसम्बन्धी प्रतिवेदनहरू<br>• अन्तरराष्ट्रिय विषयमाथि राष्ट्रिय प्रतिबद्धता व्यक्त गरिएका प्रतिवेदनहरू<br>• अवधारणात्मक स्पष्टताका लागि पाठपत्र<br>**मूल्याङ्कन-प्रक्रिया**<br>• शिक्षामा बालअधिकारको रक्षाका लागि तयार पारिएको अनुभव आदान-प्रदानको सूची<br>• व्यक्तिगत/समूह क्रियाकलापको गुणस्तर<br>• शिक्षामा बालअधिकारका विषयमा प्राप्त गरेको ज्ञानको मूल्याङ्कन | | शिक्षकले आफ्ना अनुभव, ज्ञान र सीपहरूलाई शिक्षासँग सरोकारवाला-हरूसँग आदान-प्रदान गर्नेछन् ।<br><br>शिक्षकले आफूले प्राप्त गरेका शिक्षाहरूलाई टिपोट तयार गर्नेछन् । |

अपेक्षित सक्षमता १० : आत्म-क्षमताको प्रभाव ( एक महिनाका लागि १३ घण्टा )

| शिक्षकको पेसागत विकासका लागि अपेक्षित सक्षमताहरू | तालिमकेन्द्र आधारित तालिमको सक्षमता मापन आधार | विद्यालयमा आधारित तालिमको सक्षमता मापन आधार |
|---|---|---|
| **सक्षमता १०**<br>शिक्षकले प्रतिविम्वन (reflective) शिक्षण अभ्यासको विकास र सुदृढीकरण गरी नेपाली भाषाशिक्षणमा त्यसको प्रयोग गर्नेछन् ।<br>**विषयवस्तु**<br>*आत्मप्रतिविम्वन (self reflection)*<br>• आत्म-मूल्याङ्कन<br>• आत्म-आलोचना<br>• आत्म-निरीक्षण<br>• आत्म-अनुगमन<br>• नेपाली भाषाशिक्षण र सिकाइमा आत्म-प्रतिविम्वनको प्रयोग<br>*दोस्रो पक्षद्वारा प्रभाव (reflection by others)*<br>• समूह-मूल्याङ्कन<br>• समूह-आलोचना<br>• समूह-निरीक्षण<br>• समूह-अनुगमन<br>• नेपाली भाषाशिक्षण र सिकाइमा दोस्रो पक्षद्वारा हुने प्रभावको प्रयोग<br>*आलोचनात्मक समझदारी/आत्मबोधीकरण (critical understanding)*<br>• अन्तश्चेतनाकरण/आत्मचेतनाकरण (conscientization)<br>• भाषाशिक्षणमा बैङ्किङ्ग अवधारणा<br>• भाषाशिक्षणमा आलोचनात्मक समझदारीका पद्धतिहरू<br>• आत्म-अद्यावधिकताको (self updaties) का पद्धतिहरू<br>• नेपाली भाषाशिक्षण-सिकाइमा आलोचनात्मक समझदारीको प्रयोग<br>*कार्यमूलक अनुसन्धान (Action research)*<br>• कार्यमूलक अनुसन्धानको अवधारणा<br>• कक्षाकोठागत अनुसन्धान र कार्यमूलक अनुसन्धान<br>• भाषाशिक्षणमा कार्यमूलक अनुसन्धानका विभिन्न | शिक्षकले आत्मप्रभाव र शिक्षण-सिकाइ अभिवृद्धिका विभिन्न पद्धतिहरूका विषयमा आदान-प्रदानगत सूची तयार पार्नेछन् ।<br><br>शिक्षकले कक्षाकोठागत र कार्यमूलक अनुसन्धानका लागि व्यक्तिगत र समूहगत योजना तयार पार्नेछन् ।<br><br>शिक्षकले शिक्षण र सिकाइका आलेचना पद्धतिहरूको निर्माण गर्नेछन् ।<br><br>शिक्षकले सिक्षण र सिकाइको सिर्जनात्मक विधिका बारेमा आवश्यक सूची तयार पार्नेछन् । | प्रत्येक शिक्षकले अनुसन्धान योजना र अन्य कार्यढाँचाको कार्यान्वयन गर्नेछन् ।<br><br>शिक्षकले प्राप्त अनुभवहरूको अभिलेख राख्नेछन् ।<br><br>शिक्षकले आफ्ना विद्यार्थी र तिका अभिभावकमा आधारित अनुभवगत अनुसन्धानको अभिलेख राख्नेछन् ।<br><br>शिक्षकले आफ्ना अनुभव, ज्ञान र सीपहरूलाई शिक्षासँग सरोकारावाला अन्य व्यक्तिसँग आदान-प्रदान गर्नेछन् ।<br><br>शिक्षकले आफूले प्राप्त गरेको शिक्षाको टिपोट गर्नेछन् । |

| | | |
|---|---|---|
| पद्धतिहरू<br>• कार्यमूलक अनुसन्धानको तथ्याङ्क सङ्कलनको अवलोकनात्मक (observational) पद्धति<br>• कार्यमूलक अनुसन्धानको तथ्याङ्क सङ्कलनको अ-अवलोकनात्मक (non-observational) पद्धति<br>• कार्यमूलक अनुसन्धानको तथ्याङ्क विश्लेषण पद्धति<br>• कार्यमूलक /कक्षाकोठागत अनुसन्धानको सहकार्य (collaborative) पद्धति<br>• नेपाली भाषाशिक्षण-सिकाइमा कार्यमूलक अनुसन्धानको प्रयोग | | |
| **शिक्षण-विधि**<br>• शिक्षण-सिकाइका पद्धतिहरूका बारेमा व्यक्तिगत र समूहगत प्रभाव<br>• आत्मबोधीकरण/समालोतनात्मक समझदारीका बारेमा व्याख्यान र छलफल<br>• कार्यमूलक अनुसन्धान/कक्षाकोठागत अनुसन्धानको प्रस्तावको निर्माणका लागि व्यक्तिगत र समूह-कार्य | | |
| **शिक्षण-सामग्री**<br>• प्रतिविम्वन (reflecting) शिक्षण र सिकाइका विभिन्न पद्धतिहरूको सूची<br>• कक्षागत र कार्यमूलक अनुसन्धानका नमुना अनुसन्धान प्रस्ताव | | |
| **मूल्याङ्कन-प्रक्रिया**<br>• आत्म र समूह प्रभावका विषयमा अनुभव आदान-प्रदानका तरिकाहरू<br>• कक्षाकोठागत र कार्यमूलक अनुसन्धानको विकासमा सामूहिक योजना | | |

**अपेक्षित सक्षमता ११ : विद्यार्थीको क्षमता-मूल्याङ्कन ( एक महिनाका लागि १२ घण्टा )**

| शिक्षकको पेसागत विकासका लागि अपेक्षित सक्षमताहरू | तालिमकेन्द्र आधारित तालिमको सक्षमता मापन आधार | विद्यालयमा आधारित तालिमको सक्षमता मापन आधार |
|---|---|---|
| **सक्षमता ११**<br>शिक्षकले निर्माणात्मक (formative) र निर्णयात्मक मूल्याङ्कनमा आफ्नो क्षमताको विकास | शिक्षकले निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनका | शिक्षकले विषयगत, वस्तुगत र सिर्जनात्मक |

| | | |
|---|---|---|
| विकास र अभिवृद्धि गरी नेपाली भाषाको मूल्याङ्कनमा त्यसको प्रयोग गर्नेछन् । | बारेमा आदान-प्रदान पद्धतिको तयारी गर्नेछन् । | पद्धतिको विद्यार्थी मूल्याङ्कनको योजना कार्यान्वयन गर्नेछन् । |
| **विषयवस्तु**<br>*निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनका पद्धतिहरू*<br>• निवेश-सूची (portfolio) मूल्याङ्कन लगायत निर्माणात्मक मूल्याङ्कनका विभिन्न पद्धतिहरू<br>• विद्यार्थीको प्रगति (progress) र अवनति/ह्रास (regress) को अभिलेख र प्रतिवेदन प्रस्तुतिका पद्धतिहरू<br>• प्राप्त सूचना र तथ्याङ्कको परिमाणात्मक (quantitative) र गुणात्मक (qualititative) विश्लेषणका पद्धतिहरू | शिक्षकले विद्यार्थीको विषयगत, वस्तुगत र सिर्जनात्मक पक्षको मूल्याङ्कनका लागि व्यक्तिगत /समूहगत रूपमा योजना निर्माण गर्नेछन् । | शिक्षकले प्रश्न बैङ्क (question bank) को निर्माणका लागि विषयगत, वस्तुगत र सिर्जनात्मक प्रश्नहरूको निर्माण गर्नेछन् । |
| • विभिन्न स्रोतबाट प्राप्त भएका सूचना र तथ्याङ्कहरूको परीक्षण /जाँच<br>• निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनको परिमाणको अभिलेख<br>• नेपाली भाषाको शिक्षण-सिकाइमा निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनको प्रयोग | शिक्षकले मूल्याङ्कनको एकपक्षीय पद्धतिका विरूद्धमा समता र भिन्नतामूलक सिद्धान्तका बारेमा अभिलेख तयार पार्नेछन् । | शिक्षकले विद्यार्थीको क्षमताको अभिलेख प्रणाली तयार पार्नेछन् ।<br>शिक्षकले आफूले प्राप्त गरेका शिक्षाहरूको टिपोट गर्नेछन् । |
| *सहभागितामूलक मूल्याङ्कन*<br>• अवधारणा र प्रक्रियाहरू<br>• सहभागितामूलक मूल्याङ्कनमा पृष्ठपोषण-प्रणाली (feedback system)<br>• परियोजना-कार्य<br>• नेपाली भाषाशिक्षण र सिकाइमा सहभागितामूलक मूल्याङ्कनको प्रयोग<br>*प्रश्ननिर्माण*<br>• विषयवस्तुनिष्ठ (subjectivity) मूल्याङ्कनका लागि प्रश्ननिर्माण<br>• वस्तुनिष्ठ (objectivity) मूल्याङ्कनका लागि प्रश्ननिर्माण<br>• आत्मबोधीकरण/आलोचनात्मक समझदारी (critical understanding) र सिर्जनात्मकताको उत्पादन (creativity generation) का लागि प्रश्ननिर्माण<br>• नेपाली भाषाशिक्षण र सिकाइमा प्रश्ननिर्माणको प्रयोग<br>*उत्तर/उत्तरपुस्तिका परीक्षण*<br>• उत्तर/उत्तरपुस्तिका परीक्षणको विषयवस्तुनिष्ठ | | |

| | | |
|---|---|---|
| पद्धति<br>• उत्तरपुस्तिका परीक्षणको वस्तुनिष्ठ पद्धति<br>• उत्तरपुस्तिका परीक्षणको सामूहिक पद्धति<br>• नेपाली भाषाको उत्तरपुस्तिका परीक्षणमा उत्तर-पुस्तिका परीक्षणको उपयोग / प्रयोग<br>*अङ्कन-अभिलेख*<br>• निवेश-सूची (portfolio) अभिलेख<br>• मानकीय (nomative) अभिलेख<br>• नेपाली भाषाशिक्षण र सिकाइमा अङ्कन अभिलेखको प्रयोग<br>**शिक्षण-विधि**<br>• प्रश्ननिर्माण र उत्तरपुस्तिका निर्माणका लागि व्यक्तिगत र समूह-कार्य<br>• अवधारणात्मक स्पष्टताका लागि सहभागिता-मूलक छलफल<br>**शिक्षण-सामग्री**<br>• निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन पद्धतिका नमुनाहरू<br>• सहभागितामूलक मूल्याङ्कन पद्धतिको नमुना<br>**मूल्याङ्कन-प्रक्रिया**<br>• व्यक्तिगत/समूहगत कार्यको प्रभावकारिताको अभिलेख<br>• निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन पद्धतिको व्यक्तिगत र समूह-कार्यको गुणस्तर | | |

**अपेक्षित सक्षमता १२ : शिक्षामा जीवनोपयोगी सीपहरूको समाहित ( एक महिनाका लागि ६ घण्टा )**

| शिक्षकको पेसागत विकासका लागि अपेक्षित सक्षमताहरू | तालिमकेन्द्र आधारित तालिमको सक्षमता मापन आधार | विद्यालयमा आधारित तालिमको सक्षमता मापन आधार |
|---|---|---|
| **सक्षमता १२**<br>शिक्षकले जीवनोपयोगी सीपका विभिन्न स्वरूपहरूका बारेमा बोध गरी नेपाली भाषाशिक्षणमा त्यसको प्रयोग गर्नेछन् ।<br>**विषयवस्तु**<br>जीवनोपयोगी सीपहरू (life skills) का विभिन्न स्वरूपहरू<br>• जीवनोपयोगी सीपको धारणा<br>• कार्यसीप (work skill) को धारणा | प्रत्येक शिक्षकले आफ्ना सहपाठीहरूलाई विद्यलायमा सिकाइने सम्भाव्य र आवश्यक जीवनोपयोगी सीपको पहिचान गर्नका लागि प्रोतसाहित गर्नेछन् । | प्रत्येक शिक्षकले जीवनोपयोगी सीपका स्वरूपका बारेमा बनाइएको कार्ययोजनालाई लागू गर्नेछन् ।<br><br>शिक्षकले समुदाय, शिक्षक र विद्यार्थीमा भएका |

| | | |
|---|---|---|
| • आजीविका (Livelihood) सीपको धारणा<br>• प्राविधिक सीप (technical skill) को धारणा<br>• व्यावसायिक सीप (vocational skill) को धारणा<br>• माथिका सबै सीपहरूको अविच्छिन्नता/निरन्तरता<br>• नेपाली भाषाशिक्षणमा जीवनोपयोगी सीपहरूको प्रयोग<br>**शिक्षण-विधि**<br>• अवधारणात्मक छलफल<br>• जीवनोपयोगी सीपका विभिन्न स्वरूपको पहिचानका लागि समूह-कार्य<br>• कक्षाकोठामा जीवनोपयोगी सीपहरूको शिक्षण गर्ने विभिन्न तरिकाहरू पत्ता लगाउन सहभागितामूलक छलफल सत्रहरूको आयोजना<br>**शिक्षण-सामग्री**<br>• विभिन्न प्रकारका जीवनोपयोगी सीपको वर्णन गरिएका सन्दर्भ-सामग्रीहको सूची<br>• जीवनोपयोगी सीपहरूको स्वरूप उल्लेख गरिएका विभिन्न उदाहरणहरूको सूची<br>**मूल्याङ्कन-प्रक्रिया**<br>• व्यक्तिगत अभिलेखका लागि निवेश-सूची (Port folio) मूल्याङ्कन<br>• व्यक्तिष्ट प्रतिविम्वन<br>• जीवनोपयोगी सीपका विभिन्न स्वरूपहरूको महत्त्वपूर्ण सूची र त्यसका बारेमा प्रस्तुत विचार | शिक्षकले विविध प्रकारका जीवनोपयोगी सीपहरूको प्रस्तुतिका विभिन्न पद्धतिहरूको सङ्कलन र विकास गर्नेछन् ।<br><br>शिक्षकले जीवनोपयोगी सीपहरूका विभिन्न स्वरूपलाई शिक्षण र सिकाइसँग सम्बद्ध गर्दाका समस्याहरूलाई प्रस्तुत गर्नेछन् ।<br>शिक्षकले जीवनोपयोगी सीपहरूको विभिन्न स्वरूपको शिक्षणमा आवश्यक पर्ने कार्यनीति तयार पार्नेछन् ।<br>शिक्षकले विभिन्न प्रकारका जीवनोपयोगी सीपहरूको शिक्षणका लागि आवश्यक कार्ययोजना (Action Plan) को विकास गर्नेछन् | महत्त्वपूर्ण जीवनोपयोगी सीपहरूका बारेमा बताउनेछन् ।<br><br>शिक्षकले स्थानीय स्तरका सम्भाव्यतालाई प्रस्तुत गर्ने योजनाको विकास गरी त्यसलाई लागू गर्ने तयारी गर्नेछन् ।<br><br>शिक्षकले विद्यार्थीका विभिन्न प्रकारका जीवनोपयोगी सीपहरूको प्रवद्धन गर्ने कार्य गर्नेछन् ।<br><br>शिक्षकले आफ्ना अनुभवहरूलाई शिक्षासँग सरोकारवाला अन्य पक्षसँग पनि आदान-प्रदान गर्नेछन् । |

**नोट: सक्षमता मापन आधार (competencies assessment scale )**

१. धेरै राम्रो
२. राम्रो
३. ठीकै
४. पर्याप्त सुधार गर्नु पर्ने

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**शैक्षिक जनशक्ति बिकास केन्द्र**
सानोठिमी, भक्तपुर